सरकारी र गैरसरकारी क्षेत्र एक हुनुपर्छ : वनमन्त्री | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने



मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २५ • अंक २१० • २०८० साल पुस १२ गते विहीबार (28 December, Thursday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-


### जन्मकैद सजाय पाएका सभासद शर्माको विषयमा अन्योल

# सजायबारे प्रदेश सभा अनभिज्ञ, पुनरावेदनको म्याद सकिए मात्र निलम्बन

**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरीका असई थमन विक हत्या प्रकरणमा दोषी ठहर भइ जन्मकैदको सजाय पाएका लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का मधेश प्रदेश संसदीय दलका नेता अभिराम शर्माको विषयमा मधेश प्रदेश सभा मौन रहेको छ।

गत मंसिर २८ गते नै बिक हत्या प्रकरणमा जिल्ला अदालत महोत्तरीका न्यायाधीश उद्धबप्रसाद भट्टराईको इजलासले नेता शर्मा सहित ७ जनालाई जन्मकैदको फैसला गरेको थियो । अदालतको फैसला आएदेखि नेता शर्मा फरार छन् । फौजदारी मुद्दामा जन्मकैदको सजाय पाएका नेता शर्माको विषयमा मधेश प्रदेश सभा अहिलेसम्म निलम्बन वा कुनै कानुनी प्रक्रिया अगाडि नबढाई मौन रहेको छ।

मधेश प्रदेश सभा कार्यसंचालन नियमावलीको नियम २१० को उपनियम ४ मा 'कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोग पत्र दायर भइ निज पुर्पक्षका लागि थुनामा परेको अवस्थामा त्यस्तो थुनामा रहेको अवधिभर, कुनै सदस्यलाई फौजदारी मुद्दामा अदालतको अन्तिम फैसलाले कैद सजाय हुने ठहर भएकोमा त्यस्तो कैदमा बस्नु पर्ने अवधिभर र कुनै सदस्यले फौजदारी मुद्दामा अदालतको फैसला बमोजिम कैदको सजाय भुक्तान गरिरहेकोमा सो अवधिभर त्यस्तो सदस्यलाई सभामुखले निलम्बन गर्नुपर्ने छ' ।



नेता शर्मालाई अदालतले दोषी ठहर गरेको आधिकारिक जानकारी हालसम्म प्रदेश सभालाई नआएकोले सो विषयमा कुनै कारवाही अगाडि नढाएको मधेश प्रदेश सभाले जनाएको छ। प्रदेश सभा सचिवालयका प्रवक्ता अरुण झाले शर्मालाई अदालतले जन्मकैदको फैसला गरेको विभिन्न संचारमाध्यमबाट जानकारी प्राप्त भए पनि अदालतले शर्मालाई जन्मकैदको सजाय भएको आधिकारिक जानकारी नगराएको बताए।

'शर्मालाई जन्मकैदको सजाय भए पनि उनी पुनरावेदन गर्न पाउँछन् । तर पुनरावेदन गर्न थुनामा बस्नुपर्ने कानुनी प्रवधान रहेकोले उनी थुना बसेपछि प्रदेश सभाले निलम्बन गर्न सक्छन् ' प्रवक्ता झाले भने, शर्मालाई जन्मकैदको सजाय भएकोले प्रचलित कानुन कमोजिम उनी अयोग्य सदस्य ठहर हुन सक्नेछन् । फेरि अयोग्य सदस्य ठहर गर्ने अधिकार प्रदेश सभाको नरहेको उनले बताए । अदालतको फैसला सहित कुनै व्यक्तिले प्रदेश सभामा निवेदन दिएको खण्डमा प्रदेश सभामुखले शर्मालाई निलम्बन गर्न सक्ने प्रवक्ता झाले बताए।

# मेयरको खातामा ५० हजार

**टुडे समाचारदाता**

जनकपुरधाम । कारबाहीमा परेका विद्यालयका प्रधानाध्यापकले मेयरलाई बदनाम गराउन खातामा ५० हजार रुपैयाँ राखेको खुलेको छ।

सबैला नगरपालिकाका मेयर कारीराम यादवले सोही नगरको फकिरचन्द गामी माध्यमिक विद्यालय बरकुर्वाका प्रधानाध्यापक बैजुकुमार साह र लेखापाल देवकुमार यादवले गोप्य रुपमा ५० हजार रुपैयाँ राखेको उजुरी इलाका प्रहरी कार्यालय सबैलामा दिएको छ।

मेयर यादवले सबैला स्थित सिटिजन्स बैंकको शाखामा रहेको मेयर यादवको खातामा गत शुक्रबार साँझ ५० हजार रुपैयाँको सूचना मोबाइलमा आएको थियो।

झुक्किएर आफ्नो खातामा रकम आएको हुनसक्ने जनाउ बैंकलाई दिएका मेयरले बदनाम गर्न खातामा रकम हालेको चाल पाएपछि प्रहरीमा उजुरी गरेका छन्।

प्रहरीमा किटानी जाहेरी मेयरले दिएपछि विद्यालयका लेखापाल यादवसित प्रहरीले बुधवार सोधपुछ गरेको छ। सो विद्यालयको शैक्षिक गतिबिधि सन्तोषजनक नदेखिएपछि तलब सुविधा रोक्का गरिएको छ।


## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा
मधेश प्रदेश, नेपाल

## जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गरौं ।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भुमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालार्य बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थय संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।


## गोली लागेर 'सार्पसुटर' पक्राउ

**टुडे समाचारदाता**

कलैया। बारा प्रहरीले हत्याका एकजना आरोपिलाई गोली हानेर पक्राउ गरेको छ। 'कलैयामा एकजना प्रिन्सिपललाई गोली हानेर हत्या गर्ने 'सार्प सुटर'सुजित कुमार सिंहलाई प्रहरीले मंगलवार राती खुट्टामा गोली हानेर पक्राउ गरेको छ।

गत कात्तिक १३ गते बाल एकता बोर्डिङका प्रिन्सिपल रुपेश स्वर्णकारको हत्या गोली हानेर सिंहले नै गरेको प्रहरी अनुसन्धानमा देखिएको छ।

भारतको बिहार राज्यको मोतिहारी जिल्लाको छौडादानो पञ्चायतमा पर्ने तीनकुनि घर भएका सिंह 'सार्प सुटर' रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख एसपी सुरेश काफ्लेले जनाएका छन् । ३२ वर्षीय सिंह 'कन्ट्र्याक्ट किलर' को रुपमा तराईमा विभिन्न हत्यामा संलग्न रहेको काफ्लेले बताएका छन्।

प्रहरीका अनुसार सिंह बारामा ३ वटा, रौतहटमा २ वटा र सर्लाहीमा एउटा हत्यामा संलग्न रहेका छन् ।उनले गत असोज ९ मा पचरौतामा गोली प्रहारगरि एकजना भारतीय नागरिकको हत्या गरेको प्रहरीले जनाएको छ।


खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

## कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)


ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



**डा. हेमन्त कुमार साह**
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)








टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।

**सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९**



मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

## आवश्यकता

यस अंजनी सुइटका लागि तपसिलका कर्मचारीको आवश्यकता भएकोले सो पदमा कार्य गर्ने इच्छुक महानुभावहरुले सम्पर्क गर्न हुन जानकारी गराईन्छ ।

| सि. नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १. | लेखापाल (पुरुष/महिला) | १ (एक) | कम्प्युटरको शीप भएको |
| २. | रिसेपनिष्ट (महिला) | केही | कम्प्युटरको शीप भएका |

**सम्पर्क नं. ९८५४०३०५०२, ९८५४०२७५९१**

ANJANI SUITE








## विशेषताहरु

- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

# स्थानीय सेवाको गठन, सञ्चालन र सेवाशर्त विधेयक सदनमा पेस



टुडे समाचारदाता

विराटनगर । कोशीप्रदेशसभाको बुधबार बसेको बैठकमा 'स्थानीय सेवाको गठन, सञ्चालन र सेवाशर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' पेस भएको छ।

कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ (२) बमोजिम मुख्यमन्त्री केदार कार्कीकोतर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री शम्शेर राईले विधेयक पेस गर्नुभएको थियो ।सो विधेयक प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधनसमेत) को नियम १०५ बमोजिम न्याय, प्रशासन तथा विधायन समितिमा दफाबार छलफल भएर आएको प्रतिवेदन समितिका ज्येष्ठ सदस्य अम्बरबहादुर विष्टले सदनलाई जानकारी गराउनुभएको थियो।

विशेष समय

नेकपा (एमाले) संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले कोशी प्रदेश सरकार गठन भएको ७५ दिन बितिसक्दा पनि पूर्णता नपाएको टिप्पणी गर्दै सरकार संसद्प्रति उत्तरदायी एवं जवाफदेही नरहेको महसुस भइरहेको बताए । उनले सभामा शून्य समयमा उठेका प्रश्नहरूको जवाफ सरकारले नदिएको र मन्त्रालयहरुले तयार पारेको नियमावली पनि पारित नहुँदा काम प्रभावकारी नभएको जिकिर गरे।

प्रमुख सचेतक भण्डारीले सरकारको कार्यसम्पादन फितलो र सुशासनका क्षेत्रमा पनि कमजोर देखिएको धारणा राख्नुभएको थियो।

शून्य समय

कोशी प्रदेशसभा सदस्य गोम्बु शेर्पाले प्रदेश सरकारले स्थानीय तहका कर्मचारीलाई दिने तालिम दुर्गम क्षेत्रका लागि ओखलढुङ्गालाई केन्द्र बनाएर तालिम दिने व्यवस्था गर्नुपर्ने माग गरे । सदस्य तिलचन पाठकले सरकारको स्वामित्वमा रहेको गोरखापत्र दैनिकमा प्रकाशित समाचारले भ्रम सिर्जना गरेकाले कारबाही हुनुपर्ने माग गरे।

अर्का सदस्य मैया श्रेष्ठले स्वास्थ्य केन्द्रमा दरबन्दीअनुसारको चिकित्सक, उपकरण र औषधिको व्यवस्था गर्नुपर्ने कुरामा सरकारको ध्यानाकर्षण गराउनुभयो।

सदस्य बुद्धीकुमार राजभण्डारीले सोलुखुम्बु जिल्लामा सदरमुकाम जोड्ने सडक अलपत्र अवस्थामा रहेकाले यसलाई सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उनले सोलुखुम्बुमा निर्माण हुन लागेको छ सय ४० मेगावाटको विद्युत् केन्द्रसँग जोडिने उदयपुरको कटारीदेखि केन्द्रसम्मको बाटोको स्तरोनन्ति गर्नुपर्ने माग गरे। कोशी प्रदेशसभाको अर्को बैठक यही पुस १७ गते मङ्गलबार दिउँसो १ बजे बस्ने उपसभामुख सिर्जना दनुवारले जानकारी दिए।

# लामिछानेविरुद्ध मुद्दा 'हेर्दाहेर्दै' मा



टुडे समाचारदाता

काठमाण्डु । जिल्ला अदालत काठमाडौंमा क्रिकेटर सन्दीप लामिछानेविरुद्धको बलात्कार मुद्दा अन्तिम सुनुवाइ प्रारम्भ भए पनि बहस नसकिएपछि हेर्दाहेर्दैमा विहिबारका लागि राखिएको छ।

न्यायाधीश शिशिरराज ढकालको इजलासमा यही पुस ८ गतेदेखि निरन्तर सुनुवाइ सुरु गरिए पनि बहस नसकिएपछि मुद्दा हेर्दाहेर्दैमा बुधबारका लागि राखिएको थियो। सोमबार र मङ्गलबार सार्वजनिक बिदा अदालतमा बन्द भएको थियो। यसअघि, नाबालिक बलात्कार मुद्दाको थुनछेक बहसका काठमाडौंले सन्दीपलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो भने उच्च अदालत पाटनले रु २० लाख धरौटीमा छाड्न आदेश दिएको थियो।

सर्वोच्च अदालतले लामिछानेलाई विदेशका प्रतियोगितामा भाग लिन जान पाउने आदेश गरेको थियो।

# कुश्माका प्रमुख प्रशासकीय अधिकृत पक्राउ



टुडे समाचारदाता

पर्वत । ठगीको आरोपमा कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयबहादुर पराजुली कार्यालयबाटै पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालयको टोलीले बुधबार दिउँसो पराजुलीलाई कार्यालयबाटै पक्राउ गरेको हो।

प्रमुख प्रशासकीय अधिकृत पराजुली कास्कीको सहकारी रजिस्ट्रारको कार्यालय पोखरामा सेवारत हुँदा सहकारीको रकम ठगी प्रकरणमा मुछिएका थिए। सहकारी रजिस्ट्रार रहेका बेला निजले मित्रमिलन बचत तथा ऋण सहकारीको कार्यक्षेत्र विस्तार गर्ने क्रममा घूस लिएको आरोप थियो।

कास्की प्रहरीको अनुरोधमा पर्वत प्रहरीले निजलाई पक्राउ गरेर कास्की पठाएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक खुमलाल भुसालले जानकारी दिए।

तत्कालीन रजिस्ट्रार पराजुलीलाई रू एक करोड पाँच लाख घूस लिएको आरोप लागेको छ।

# २५ वर्ष शासन गरेको पिथौरागढ किल्ला



टुडे समाचारदाता

पिथौरागढ । कुमाउँका प्रसिद्ध कवि गुमानी पन्तले आफ्नो कवितामा लेखेका छन्।

*"दिन-दिन खजाना का भार का*
*बोकिया ले,*
*शिव शिव चुलि में का बाल नैं*
*एक कैका।*
*तदपि मुलुक तेरो छोडि॰ नैं कोई*
*भाजा,*
*इति वदति गुमानी धन्य*
*गोर्खाली राजा॥"*

अर्थात् हरेक दिन खजानाको बोझ बोकेर जनताको टाउकोको कपाल उड्यो तर गोरखाको शासन छोडेर देशको कोही पनि नागरिक भागेनन् । त्यसैले हे गोर्खाली राजा तिमी धन्य छौ । भारतको उत्तराखण्डको पिथौरागढस्थित गोर्खाली किल्ला चारैतिरबाट नौ फिट अग्लो पर्खालले घेरिएको छ। पर्खालको चौडाइ पाँच फिट चार इन्च छ। पर्खालमा बन्दुक चलाउन मिल्ने एक सय ५२ वटा प्वाल छन्।

नालापानी किल्ला जस्तै पिथौरागढको गोर्खाली किल्ला पनि गोर्खालीको बहादुरीको इतिहाससँग जोडिएको ऐतिहासिक ठाउँ हो । जहाँ गोर्खालीले अङ्ग्रेजलाई परास्त गर्दै २५ वर्ष शासन चलाएका थिए । तत्कालीन गोर्खाली सेनाले विशाल नेपाल निर्माणको अभियानलाई पश्चिमतिर विस्तार गर्ने क्रममा अङ्ग्रेज शासकलाई पराजित गरेर यो किल्ला आफ्नो कब्जामा लिएका थिए । त्यति बेला गोर्खाली सेनाले कुमाउ गडवालतर्फ आक्रमण गर्ने क्रममा सुरुवातमा यो किल्ला कब्जामा लिएर विजयको यात्रा तय गरेको इतिहास जानकार बताउँछन्।

"विशाल नेपालको अभियानलाई पश्चिमतिर फैलाउने क्रममा तत्कालीन गोर्खा सैनिकले सुरुवातमा यही किल्ला कब्जा गरेका थिए।" इतिहास जानकार हेमबाबु लेखकले भने- "यही किल्लाबाट गोर्खा सैनिकले निरन्तर कुमाउ गडवालमा २५ वर्ष शासन गरेको थियो।" उनले तत्कालीन इष्ट इन्डिया एन्ड कम्पनीलाई गोर्खा सैनिकले परास्त गर्दै उक्त किल्ला कब्जा गरेको बताए।

"गोर्खा शासकले आफ्ना प्रशासक राखेर कुमाउ गडवाल क्षेत्रमा निरन्तर २५ वर्ष शासन गरेको इतिहास छ," उनले भने, "यो किल्लामा गोर्खालीको वीरताको इतिहास छ।" अहिले यो किल्ला गोरखा किल्ला एवं लन्डन फोर्टका नामले परिचित छ । नालापानीको लडाइँ लड्नुअघि नै पिथौरागढमा सन् १७८९ मा गोर्खाली सेनाले आफ्नो सुरक्षाका लागि यो किल्ला निर्माण गरेका थिए। नालापानी किल्ला र पिथौरागढको गोर्खाली किल्ला दुवै भारतको उत्तराखण्डमा पर्छन्।

"बहादुर शाहको नेतृत्वमा आएको गोर्खाली सेनाले यो किल्ला कब्जा गरेको थियो।" इतिहास जानकार रमेश पन्त मीतबन्धुले भने-"यही किल्लाबाट कुमाउ गडवालमा गोर्खालीले निरन्तर २५ वर्ष शासन गरेको हो।" गोर्खाली किल्लाको लम्बाइ ८८ दशमलव ५ मिटर, चौडाइ ४० मिटर रहेको छ। किल्लाभित्र गहिरो कुवा रहेको इतिहास भए पनि अहिले उक्त ठाउँमा पीपल रोपिएको उनले बताए।

यो किल्ला गोर्खालीको इतिहाससँग जोडिएकाले नेपालीका लागि महत्वपूर्ण रहेको वीरबहादुर चन्द बताउँछन् । "६१ वर्षअघि मैले पिथौरागढमा अध्ययन गर्दा यो किल्लामा गोर्खाली किल्लाका नामले चर्चित थियो।"

चन्दले भने-"यो किल्ला नेपालीका लागि महत्वपूर्ण र एतिहासिक छ।" । किल्लासँग गोर्खालीको गहिरो साइनो रहेको उनको भनाइ छ।

गोर्खाली किल्लामा रहेको सिलालेखमा विभिन्न वंशले राज्य गर्नेक्रममा सैनिकस्थलका रूपमा उपयोग गरेको उल्लेख छ । पिथौरागढमा मल्ल, बम, चन्द, गोर्खाली र अङ्ग्रेजहरुले शासन गरेको पनि उल्लेख गरिएको छ । अहिले उक्त किल्लाको संरक्षण भारत सरकारले गर्दै आइरहेको छ।

# टेरामक्स खरिदबारे अनुसन्धान थाल्ने अख्तियारलाई निर्देशन



टुडे समाचारदाता

काठमाण्डु । दुरसञ्चार ट्राफिक अनुगमन तथा धोकाधडी नियन्त्रण प्रणाली (टेलिकम्युनिकेसन ट्राफिक मनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम-टेरामक्स) खरिद सम्बन्धमा विस्तृत अनुसन्धान गरी कारबाही प्रक्रिया अघि बढाउन सङ्घीय संसद्अन्तर्गतको सार्वजनिक लेखा समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिएको छ।

समितिको बुधबारको बैठकले टेरामक्स खरिद अध्ययन प्रारम्भ गरी ३० दिनभित्र कार्यप्रगति विवरण समितिसमक्ष प्रस्तुत गर्न निर्देशन दिएको छ । "यो प्रणाली खरिद गर्ने सम्बन्धमा हालसम्म भएका कामको विश्लेषण तथा अनुसन्धान गरी शीघ्र निष्कर्षमा पुग्न र अधिकारको दुरुपयोग गरी राज्यलाई हानिनोक्सानी हुनेगरी कार्यसम्पादन गरे, गराएको पाइएमा सम्बन्धित पदाधिकारी सबैलाई हदैसम्मको कारबाहीका लागि मागदाबीसहित कानुनबमोजिम अभियोजन प्रक्रियामा लैजान अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समिति निर्देश गर्दछ", बैठकको निर्णय सुनाउँदै समिति सभापति ऋषिकेश पोखरेलले भने।

> टेरामक्स प्रणालीको कार्यान्वयनका लागि हालसम्म कुनकुन निकायका लागि कहाँ र कसरी भुक्तानी भयो सो सम्बन्धमा सबै कागजात उपलब्ध नभएको समितिले बताएको छ । त्यस्तै ठेक्काका लागि अनिवार्य ई-बिडिङ गर्नुपर्ने व्यवस्थाको उल्लङ्घन भएको समितिको अनुसन्धानबाट खुलेको जनाइएको छ ।


टेरामक्स प्रणाली लागू गर्ने प्रक्रिया तत्काल रोक्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ। "कानुन नबनाई यो प्रणाली कार्यान्वयन हुन नसक्ने अवस्था रहेको, सर्वोच्च अदालतले पनि कानुन बनाउन भनेको तर कानुनको अभावमा नीतिगतरुपमा स्पष्ट हुन नसकेकोलगायत खरिद प्रक्रिया कानुनसम्मत नभएकाले हाल यो प्रविधि खरिदलाई यथास्थितिमा राख्न, थप कुनै पनि भुक्तानी नगर्न/नगराउन समितिको यो बैठक नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दुरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ", सभापति पोखरेलले भने।

लेखासमितिको गत असोज २६ गतेको बैठकले यो प्रणाली खरिदसम्बन्धी सम्पूर्ण कागजात उपलब्ध गराउन दुरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको थियो।

प्राधिकरणबाट प्राप्त कागजातको अध्ययन तथा समितिमा भएको विस्तृत छलफलबाट यो प्रणाली खरिदका क्रममा विद्यमान कानुन र नीतिगत व्यवस्थाको उल्लङ्घन भएको ठहर गरेको छ।

टेरामक्स प्रणालीको कार्यान्वयनका लागि हालसम्म कुनकुन निकायका लागि कहाँ र कसरी भुक्तानी भयो सो सम्बन्धमा सबै कागजात उपलब्ध नभएको समितिले बताएको छ । त्यस्तै ठेक्काका लागि अनिवार्य ई-बिडिङ गर्नुपर्ने व्यवस्थाको उल्लङ्घन भएको समितिको अनुसन्धानबाट खुलेको जनाइएको छ।

# सुदूरपश्चिममा पुनः कोरोना सङ्क्रमण



टुडे समाचारदाता

काठमाण्डु । पछिल्ला महिनामा शून्य रहेको कोरोना भाइरसको सङ्क्रमण सुदूरपश्चिम प्रदेशमा पुनः देखिन थालेको छ।

भारतबाट भित्रिने नागरिकको सीमा नाकामा गरिएको एन्टिजेन परीक्षणबाट पछिल्लो हप्तामा आठजनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ।

गौरीफन्टा सीमा नाकास्थित हेल्थ डेस्कका अहेव गणेश साउदले भारतबाट भित्रिने नागरिकमध्ये लक्षण देखिएकाको एन्टिजेन विधिबाट नमूना जाँच गर्दा आठजनामा कोरोनाको सङ्क्रमण फेला परेको जानकारी दिए।

"सङ्क्रमित चारको नमूना थप परीक्षणका लागि प्रदेशको प्रयोगशालामार्फत काठमाडौं पठाइएको र चार सङ्क्रमितको नमूना बुधबार पठाउने तयारी भइरहेको छ", उनले भने, "सङ्क्रमितमा कुन भेरियन्ट हो भनेर पत्ता लगाउन नमूनाको थप परीक्षण गर्न जरुरी भएको हो।"

सीमा नाकामा सङ्क्रमित फेला पर्ने बिरामीलाई 'होम आइसोलेसन'मा बस्न अथवा सिकिस्त बिरामीलाई अस्पताल जान सल्लाह दिइने र सम्बन्धित पालिकासँग पनि समन्वय गर्ने गरिएको साउदले बताए।

कोरोना भाइरसको नयाँ भेरियन्ट देखिएपछि विश्व स्वास्थ्य सङ्गठनले केही दिनअघि सचेत गराइएको पनि साउदले बताए।

स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रको तथ्याङ्कमा भने पछिल्ला तीन दिनमा प्रदेशमा तीनजना कोरोना सङ्क्रमित फेला परेको उल्लेख गरिएको छ।

पछिल्लो २४ घन्टामा गौरीफन्टा र गड्डाचौकी सीमा नाकाबाट भित्रिने नागरिकमध्ये शङ्कास्पद ७६ जनाको एन्टिजेन परीक्षण गर्दा एकजनामा र पुस ८ गते दुईजनामा सङ्क्रमण फेला परेको निर्देशनालायको तथ्याङ्कमा उल्लेख छ।

# ज्येष्ठ नागरिकलाई जीवनयापनमा सरकारले सघाउने

**टुडे समाचारदाता**

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले ज्येष्ठ नागरिकको सम्मानपूर्वक जीवनयापनको वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको बताएका छन्।

तेस्रो राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा मन्त्री आचार्यले ज्येष्ठ नागरिकलाई सम्मानजनक जीवन यापनमा सघाउनु समाजका सबै वर्गको दायित्व भएको बताए । उनले भने, "ज्येष्ठ नागरिकको विज्ञता, अनुभव, सीप र दक्षता राष्ट्रका निम्ति सधैं उपयोगी छन् । उहाँहरूको सम्मानजनक जीवनयापनको वातावरणको निर्माण गर्नु हामी सबैको कर्तव्य हो।"

उक्त मन्त्रालयका सचिव सुमनराज अर्यालले ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्तामात्र नभई उनीहरुको आत्मसम्मानमा आँच आउने काम कहिँकतैबाट भएमा त्यसो गर्नेलाई दण्डित गर्नुपर्ने बताए । काठमाडौं मेडिकल कलेजका डा अनन्त अर्यालले ज्येष्ठ नागरिकको स्वास्थ्य सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै बुढ्यौली रोग नभइ अवस्था भएकाले पूर्ण सन्तुलित आहार, शारीरिक व्यायाम, योग ध्यान, सक्रिय जीवनशैली, पर्याप्त शयनमा ध्यान दिनुपर्ने सुझाव दिए।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : प्रतिभा सम्पन्नता। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : पारिवाहिक सुख। |
| कन्या | : धन वृद्धि सञ्चय। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| वृश्चिक | : सुख समृद्धि हुने। |
| धनु | : भ्रमण अवसर हुने। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अपहरण गर्ने ६ भारतीय पक्राउ

**टुडे समाचारदाता**

गौर । नेपालबाट अपहरण गरिएको दुई जना नेपाली नागरिकलाइ नेपाल प्रहरीले भारतबाट भारतीय प्रहरीको सहयोगमा सकुशल उद्दार गरेका छन ।

पुस ५ गते बिहान साढ़े १० बजे चितवन जिल्ला भरतपुर महानगपालिका ११ का ४० बर्षीय कृष्ण थापा र रत्ननगर नगरपालिका जिरौनाका ३५ वर्षीय दीपेन्द्र महतलाई भारतको सीतामढ़ी बाट सकुशल उद्दार गरिएको छ ।

अपहरणमा संलग्न रहेको आरोपमा रौतहट प्रहरीले ६ जना भारतीय नागरिकलाइ समेत पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

मोटरसाइकलमा रौतहट जिल्लाको चन्द्रपुरकोलागि हिडेको कृष्ण थापाले पुस ७ गते आफ्नो फेसबुक आईडी बाट अपहरणमा परेको र फिरौती बापतमा ६ लाख रुपैयाँ माग्दैछ भनी आफ्नो श्रीमतीलाइ मैसेन्जरमा जानकारी दिएको सूचना जिल्ला प्रहरी कार्यालय भरतपुरबाट प्राप्त हुँदा खोजतलास शुरू गरिएको प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले बताए ।



अपहरणमा परेका व्यक्ति सिमावर्ती इलाकामा हुन सक्ने भनी भारतीय प्रहरीको सहयोगमा खोजतलाश गर्ने क्रममा भारतको सीतामढ़ीबाट दुबै जना कृष्ण थापा र दीपेन्द्र महत सकुशल उद्दार गरी स्वास्थ्य परीक्षण गरी परिवारको जिम्मा लगाइएको उनले बताए ।

अपहरणमा संलग्न भएको आरोपमा पक्राउ परेका भारतको सीतामढ़ी जिल्ला थाना डुमरा मेहसौल २७ का लियाकत राइनको छोरा अकवर , जमील अख्तरको छोरा मोहमद नईम , मोहमद अलाउदीन को छोरा ३० बर्षीय कौसर अली , मोहमद सइमको छोरा २० वर्षीय मोहमद सदाब , वड़ा नम्बर ३८ का मोहम्मद एह्सान शेखको छोरा २७ बर्षीय मोहमद इरसाद र बथनाहा थाना टंडसपुर ३ का कैलाश सिंहको ३३ वर्षीय छोरा राम नरेश कुमार सिंह लाइ सीतामढ़ी प्रहरीले अपहरण तथा शरीर बन्धक शीर्षकमा जाहेरी लिई क़ानुनी कारवाही अगाडि बढाएको रौतहट प्रहरीले जनाएको छ ।

# प्राविधिक शिक्षा अपरिहार्य : मन्त्री यादव

**ओम प्रकाश यादव**

गरुडा । मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवले अहिले विज्ञानको युगमा गाउँगाउँमा प्राविधिक शिक्षाको आवश्यक्ता रहेको बताएका छन् ।

अहिलेको युगमा प्रविधि र प्राविधिक बिनाको समाज कल्पना गर्न नसकिने भएको हुँदा प्राविधिक शिक्षा निकै महत्वपूर्ण भएको मन्त्री यादवले बताए ।

रौतहटको देवाही गोनाही नगरपालिका-९ धरहरी स्थित रहेको जय किसान बहुप्राविधिक शिक्षालयमा बुधवार बसेको आङ्गिक शिक्षालय प्रमुखहरुको मासिक बैठकमा बोल्दै मन्त्री यादवले गाउँगाउँमा प्राविधिकको अभावले सृजना हुने विभिन्न प्राविधिक कठिनाईहरुको समाधान गर्न पनि ग्रामीण क्षेत्रमा प्राविधिक शिक्षा अपरिहार्य रहेको बताए ।

उनले भने, 'प्राविधिक शिक्षा भन्ने वित्तिकै विज्ञान र गणितको प्रयोगबाट परम्परागत रुपमा गर्दै आएका विभिन्न क्रियाकलापहरुलाई सहज तरिकाले सम्पन्न गर्नका लागि नयाँ तरिकाहरुको खोज/अनुसन्धान गर्न/गराउन सिकाउने शिक्षा भन्ने बुझ्नु पर्दछ, ।' अहिलेको २१ औं शताब्दीलाई विज्ञानको युग पनि भन्ने गरिएको उनले बताए ।

उनले अघि भने, 'विज्ञानको युगमा धेरै कामहरु एकदमै सहज भएका छन् र त्यो सहज बनाउने काम वैज्ञानिक




आविस्कारका साथै प्राविधिक शिक्षाले गरेको हामीहरुलाई अवगत नै छ। त्यसैको फलस्वरुप नेपालमा पनि केही दशकदेखि विश्वविद्यालय तहमा प्राविधिक शिक्षा अगाडि बढिरहेको छ' ।

विभिन्न निकायहरुबीच गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्न प्रतिस्पर्धा हुनु र न्यायको फलस्वरुप गाउँ-गाउँमा प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरुको संख्या बढ्नु आफैँमा राम्रो कुरा भएको उनले बताए । यसले कुनैबेला हुनेखाने र सहरी क्षेत्रमा बसोबास गर्नेहरुको पक्कडमा रहेको प्राविधिक शिक्षाको पहुँच गरिब, विपन्न, पीछडिएका वर्ग/क्षेत्रहरुमा पुगेको उनले बताए । उनले अघि थपे, 'प्राविधिक शिक्षालाई स्वरोजगारको प्रर्यायभन्दा पनि फरक नपर्ला, आजका दिनमा आम मानिसको चासो प्राविधिक शिक्षा नै रहेको छ । प्राविधिक शिक्षा आजको मुख्य आकर्षणको विषय बन्नुमा पनि मुख्य हात यो शिक्षा प्राप्त गरेपछि पाउने र सृजना हुने रोजगारीको अवसर नै हो ।,

अन्य शिक्षाको तुलनामा हेर्दा प्राविधिक शिक्षा केही महङ्गो र संवेदनशील रहेको समेत उनले बताए । ग्रामीण क्षेत्रमा प्राविधिक शिक्षाको आवश्यकता र महत्व बारे जानकारीको कमि हुनुले नै लक्षित विद्यार्थीहरु प्राविधिक शिक्षाको पहुँचभन्दा बाहिर रहनु दुखद भएको उनले बताए । बैठकमा सहभागी विभिन्न शिक्षालय प्रमुखहरुले नेपालमा प्राविधिक शिक्षालय सञ्चालन गर्दा विभिन्न चुनौतिहरु रहेको भएपनि प्राविधिक शिक्षालय सञ्चालन गर्नुको विकल्प नरहेको बताएका छन् । बैठकमा मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्रालयका प्रदेश सचिव लक्ष्मी प्रसाद भट्टराई, उपसचिव महेन्द्र महतो, देवाही गोनाही नगरपालिकाका मेयर प्रेमलाल साह, उपमेयर परनिया देवी पटेल लगाएतका व्यक्तिहरुको सहभागिता रहेको जय किसान बहुप्राविधिक शिक्षालयका प्रमुख धनोज कुमार यादवले जानकारी दिए ।

### सातजनालाई सम्मानित

# जेष्ठ नागरिक संघमा नयाँ नेतृत्व

**टुडे समाचारदाता**

राजविराज । तेस्रो राष्ट्रिय जेष्ठ नागरिक दिवस तथा जेष्ठ नागरिक जिल्ला संघ सप्तरीको दोस्रो जिल्ला सभाको अवसर पारेर बुधबार जिल्लाका ८५ वर्षमाथिका सात जना जेष्ठ नागरिकलाई सम्मान गरिएको छ ।

सम्मानित हुनेमा राजविराज नगरपालिकाका रायचन्द्र दुंगड, अरुण चौधरी, मो. हाजि लतिफ, तुलसीप्रसाद दाहाल, बिजयकान्त झा र बिमलादेवी बैद्य छन् । यस्तै रुपनी गाउँपालिकाका सीताबी प्रसाद साह पनि सम्मानित भएका छन् । उनीहरु सबै ८५ वर्ष भन्दा माथिका छन् ।

जेष्ठ नागरिक जिल्ला संघले विभिन्न क्षेत्रमा योगदान गरेका तथा दिर्घजिवन बिताइरहेका जेष्ठ नागरिकको खोजि गरि सम्मान गरेको संघका जिल्ला सचिव बैधनाथ झाले जानकारी दिए ।

जेष्ठ नागरिक जिल्ला संघको आयोजना तथा पूर्वकर्मचारी सेवा परिषद् नेपाल सप्तरी शाखाको समन्वयमा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रदेशसभा सदस्य माला कुमारी कर्णले उनीहरुलाई दोसल्ला तथा कदरपत्रबाट सम्मान गरे । सम्मानित दुई जना अस्वस्थ्य



तथा असक्तका कारण उपस्थित हुन नसक्दा उनीहरुको घरमै पुगि सम्मान गरिएको छ ।

जेष्ठ नागरिकलाई बृद्धा आश्रममा होइन्, घरमै सम्मान गरौं नाराका साथ सुरु भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रदेश सांसद कर्णले जेष्ठ नागरिक प्रति सम्मानजनक व्यवहार नगर्नेलाई सामाजिक बहिष्कार गर्नुपर्नेमा जोड दिइन् । "उर्जाशिल समय सन्तान र परिवारका लागि खर्चिने जेष्ठ नागरिक बृद्धा आश्रममा उपेक्षाको शिकार हुने क्रम बढ्दो छ, उनले भनिन्, यस्तो व्यवहार गर्नेलाई सामाजिक रुपमै बहिष्कार गरिनुपर्छ ।"

उनले जेष्ठ नागरिकप्रति हुने विभेद अन्त्य गर्न पालिकास्तरमा समेत समितिहरुको गठन आवश्यक रहेको बताउँदै अनुभवका खानी जेष्ठ नागरिकको सुरक्षा, संरक्षण र सम्मानका लागि आफूले पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

कार्यक्रममा जेष्ठ नागरिक जिल्ला संघका कार्यवाहक अध्यक्ष शंकर सारदा, सल्लाहकार रामनरेश सिंह, पूर्व कर्मचारी सेवा परिषद् नेपाल शाखा सप्तरीका अध्यक्ष सुगम्बर यादव, राष्ट्रिय मारवाडी महिला मञ्चका केन्द्रीय उपाध्यक्ष मञ्जु सारदा, डाक्नेश्वरी नगरपालिकाका पूर्वमेयर शिवनारायण साह, सामुदायिक सेवा केन्द्रका सल्लाहकार हितनारायण लाल दास, तेरापंथ महिला मण्डल राजविराजका निवर्तमान अध्यक्ष रेखा बैद्य, पत्रकार महासंघ सप्तरीका पूर्वसभापति धिरेन्द्र साह, विद्यापति पुरस्कार कोषका सदस्य सचिव ध्रुब मण्डल, नागरिक समाजका अध्यक्ष थानसिंह भंसाली लगायतले पनि बोल्दै जेष्ठ नागरिकलाई घर, समाज तथा राष्ट्रबाट सम्मानजनक ब्यवहार हुनुपर्नेमा जोड दिए ।

# माछाको अव्यवस्थित बजारीकरण

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा उत्पादन भएको माछामध्ये मधेश प्रदेशमा ५० प्रतिशत माछाको उत्पादन भए पनि व्यवस्थित बजारीकरण नभएको गुनासो व्यवसायीहरूले गरेका छन् ।

नेपालमा हाल वार्षिक रुपमा उत्पादन हुने गरेको १ लाख ४ हजार मेट्रिक टन माछामध्ये मधेश प्रदेशमा मात्र ५३ हजार मेट्रिक टन उत्पादन हुने गरेको छ । माछाको उत्पादन बढे पनि किसानहरुले लागत अनुसारको मूल्य नपाएको गुनासो व्यवसायीहरूको छ ।

जनकपुरधाममा बुधबारदेखि शुरु भएको नेपाल फिसरिज टेक्निकल एशोसिएशनको राष्ट्रिय अधिवेशनमा माछा व्यवसायी संघका अध्यक्ष जङ्गबहादुर साहले मधेश प्रदेशलाई माछा पर्यटनका रुपमा विकास गर्न तीनै तहका सरकारसँग माग गरे ।

उनले देशभरि नै जिउँदो माछाको



माग बढेको र व्यवसायिक रूप ग्रहण गरेकोमा खुशी व्यक्त गर्दै पानीमा भएका अन्य जलचर जीवहरूको संरक्षणमा विशेष ध्यान दिन जरुरी रहेको बताए ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लष्टर इकाई धनुषाका कार्यालय प्रमुख एवं वरिष्ठ मत्स्य विकास अधिकृत युगल किशोर तिवारीले मधेश प्रदेशमा नेपालको कूल उत्पादनको ६० प्रतिशत माछा उत्पादन भए पनि प्रदेशका कुनै पनि जिल्लामा मत्स्य विकास अधिकृत नहुनु चिन्ताको विषय भएको बताए ।

दुईदिने राष्ट्रिय सम्मेलनमा नेपालको मत्स्य विकास तथा अनुसन्धानको कार्यमा संलग्न रहेका विज्ञहरू, प्रविधिकहरू, व्यवसायीहरू माछाको उत्पादन तथा बजारीकरणको काममा सक्रिय रहेका अगुवा किसानहरूको सहभागिता रहेको छ । कार्यक्रममा माछाको विकास तथा अनुसन्धान एवं उत्पादनमा सक्रिय रहेकालाई दोसल्ला र प्रमाणपत्रसहित सम्मानित गरिएको थियो ।

# सूर्य नेपाल एनपीजीए म्याच प्ले सुरू

**टुडे समाचारदाता**

काठमाण्डु । सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपीजीए म्याच प्लेको पहिलो दिन डिफेन्डिङ च्याम्पियन दिनेश प्रजापति क्वाटरफाइनलमा प्रवेश गर्दा दोस्रो वरियताका नीरज तामाङ पहिलो चरणबाटै बाहिरिएका छन् ।

दिनेशसँगै पहिलो वरियताका भुवन नगरकोटी, चौथो वरियताका जयराम श्रेष्ठ, पाँचौ वरियताका सञ्जय लामा, छैटौ वरियताका रबि खड्का, सातौं वरियताका रामे मगर, नवौं वरियताका भुवन कुमार रोक्का र १५औं वरियताका प्रदीप कुमार लामा पहिलो चरणको खेल जित्दै अन्तिम आठमा स्थान बनाउन सफल भएका छन् ।

रोयल नेपाल गल्फ क्लबमा म्याच प्ले फर्म्याटमा भएको प्रतियोगितामा डिफेन्डिङ च्याम्पियन तथा तेस्रो वरियताका दिनेश प्रजापतिले अनुभवी गल्फर तोरण विक्रम शाहीलाई प्रतिस्पर्धात्मक खेलमा १८औं होलमा पराजित गरे। उनले अब क्वाटरफाइनलमा छैटौं वरियताका रबि खड्कासँग प्रतिस्पर्धा गर्नेछन्। रबि खड्काले भने ११औं वरियताका रमेश अधिकारीलाई ३/२ ले माथ दिंदै अन्तिम आठमा स्थान पक्का गरे ।

पहिलो वरियताका भुवन नगरकोटीले १६औं वरियताका रामकृष्ण श्रेष्ठलाई ५/४ को सहज नतिजामा हराए। भुवनले भोलि क्वाटरफाइनलमा नवौं वरियताका भुवन कुमार रोक्कालाई प्रतिद्वन्दीको रुपमा भेट्टाएका छन्। भुवन कुमार रोक्काले भने आठौं वरियताका धन बहादुर थापालाई १८औं होलमा पराजित गरे ।

दोस्रो वरियताका नीरज तामाङ भने अप्रत्याशित रूपमा पहिलो चरणबाटै बाहिरिएका छन्। धरानका प्रो नीरजलाई १५औं वरियताका प्रदीप कुमार लामाले कडा चुनौती मात्र दिएनन, उनले १८औं होलमा खेल




जित्दै क्वाटरफाइनलमा आफ्नो नाम सुरक्षित गरे। प्रदीपले अब क्वाटरफाइनलमा सातौं वरियताका रामे मगरको सामना गर्नेछन्। भेट्रान प्रो रामे मगरले आज १०औं वरियताका सूर्य प्रसाद शर्मालाई ४/३ ले हराए ।

चौथो वरियताका जयराम श्रेष्ठले सबैभन्दा सहज जित दर्ज गरे। उनले १३औं वरियताका दीपक मगरलाई ७/६ ले पराजित गरे। जयरामले क्वाटरफाइनलमा पाँचौ वरियताका सञ्जय लामासँग प्रतिस्पर्धा गर्नेछन्। सञ्जयले १२औं वरियताका शिवराम पौडेललाई ५/३ को नतिजामा पराजित गरे ।

सिजनको कुल आठ मध्ये यो प्रतियोगितामा गत सिजन अर्डर अफ मेरिटमा पर्न सफल उत्कृष्ट १६ खेलाडीले खेल्न पाउने नियम रहेको छ। तर यो पटक नेपाल नम्बर एक शुक्र बहादुर राईसँगै उत्कृष्ट १६ मा पर्ने चार खेलाडीले सहभागिता जनाएनन्। यही कारण अर्डर अफ मेरिटको उत्कृष्ट २० सम्म पर्न सफल खेलाडीले प्रतिस्पर्धा गर्ने मौका पाए। चार खेलाडीले नाम फिर्ता लिँदा १७औं वरियताका दीपक मगर, १८औं वरियताका तोरण विक्रम शाही, १९औं वरियताका प्रदीप कुमार लामा र २०औं वरियताका रामकृष्ण श्रेष्ठले सहभागिता जनाए।

कुल २ लाख ५० हजार नगद पुरस्कार राशीको प्रतियोगितामा आज पहिलो चरणमा पराजित हुने आठ खेलाडीहरूले जनही ६/६ हजार प्राप्त गर्नेछन्। क्वाटरफाइनलमा पराजित हुने चार खेलाडीले समान ११ हजार प्राप्त गर्नेछन्। विजेताले ६० हजार प्राप्त गर्दा दोस्रो हुने खेलाडीले ४२ हजार तथा तेस्रो र चौथो हुने खेलाडीहरूले क्रमश ३२ हजार र २४ हजार प्राप्त गर्नेछन्।

क्वाटरफाइनल र सेमिफाइनल खेलहरु बिहिबार हुनेछ। पहिलो चरण, क्वाटरफाइनल, सेमिफाइनल र तेस्रो स्थानको खेल १८ होलको हुनेछ भने फाइनल खेल ३६ होलको हुनेछ।

# शेयर निष्काशन सम्बन्धी सम्झौता

**टुडे समाचारदाता**

काठमाण्डु । एक समारोह बीच सिटिजन्स क्यापिटल लिमिटेडर युनाईटेड मोदी हाइड्रोपावर लिमिटेड बीच कमलादी, काठमाण्डुमा हाइड्रोपावरको साविकको शेयर धनीहरुको लागि हकप्रद शेयर निष्काशन सम्बन्धी सम्झौताभएको छ ।

उक्त सम्झौतामा युनाईटेड मोदी हाइड्रोपावर लिमिटेडका तर्फबाट अध्यक्ष नरेन्द्र बल्लभ पन्त तथा सिटिजन्स क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरे ।

सम्झौता अनुसार सिटिजन्स क्यापिटल लिमिटेड मार्फत निकट भविष्यमा युनाईटेड मोदी हाइड्रोपावर लिमिटेडको हकप्रद शेयर साधारण सभाबाट पारित भए पश्चात निष्काशन हुनेछ ।



युनाईटेड मोदी हाइड्रोपावर लिमिटेड अन्तर्गतको पर्वत जिल्लामा अवस्थित रहेको १० मेगावाट उत्पादन क्षमता रहेको"तल्लो मोदी- १ जलविद्युतआयोजना" २०६९ मंसिर देखि नै संचालनमा आइसकेको छ ।


## नेपाल औषधि व्यवसायी संघ
## धनुषा जिल्ला शाखा, जनकपुरधाम
### सूचना

यस नेपाल औषधि व्यवसायी संघ, धनुषा जिल्ला शाखा कार्यालय जनकपुरधामको दोश्रो साधारण सभा मिति २०८०।०९।१४ मा हुने साधारण सभा पश्चात मिति २०८०।०९।१४ गते शनिवारका दिन अर्को नयाँ कार्य समितिको निर्वाचन हुने कार्यक्रम रहेको व्यहोरा समेत जानकारी गराईन्छ । साथै सम्पूर्ण व्यवसायीलाई अधिवेशनमा आउन अनुरोध गर्दछौं ।

**कार्यक्रम**
**साधारण सभा : मिति २०८०।०९।१४ गते शनिवार**
**समय : बिहान ८ बजे देखि**
**स्थान : अन्नपूर्णा होटल, जनकपुरधाम-७, जिरोमाईल**

सचिव



## कर्मचारी आवश्यकता



## एस.एन. केमिकल उद्योग
### जनकपुरधाम-१९, धनुषा




हाम्रो उद्योगको लागि तपसिल अनुसारको कर्मचारीहरु आवश्यक भएकाले इच्छुक र योग्य व्यक्तिहरुले १० दिन भित्रमा आफ्नो शैक्षिक योग्यता तथा बायोडाटा सहित सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

| सि. नं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | एकाउन्टेन्ट | ३ | BBS/BBA उर्त्तिण |
| २ | सहायक एकाउन्टेन्ट | २ | +२ उर्त्तिण |
| ३ | मार्केटिङ्ग एक्सक्युटिभ | २ | +२ उर्त्तिण |
| ४ | कार्यालय सहयोगी | ४ | SLC/SEE उर्त्तिण |

**नोट** : कम्तिमा २ वर्ष कार्य अनुभव भएको उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ ।

**सम्पर्क नं. ९८००८१३७५३/९८०५९८३३८४**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कांग्रेसको राजतन्त्र र हिन्दूत्व

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र आएको झण्डै दुई दशक भएको छ । २०७२ सालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई अपरिवर्तनीय प्रस्तावनामा राखिएको छ । संविधान जारी भएको ८ वर्ष नबित्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई अस्थिर बनाएर राजतन्त्र र हिन्दू राष्ट्रको पुनः स्थापना गर्ने शक्तिहरुको सकृयता अत्यधिक बढेको छ । पछिल्लो समयमा राष्ट्रिय प्रजातन्त्र पार्टी ,राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल लगायत दुर्गा प्रसाई समेतले गणतन्त्र र धर्मनिरपेक्षताकोविरुद्ध देशव्यापी आन्दोलन घोषणा गरिसकेको छ । राजतन्त्रवादी र हिन्दू पक्षधरको रुपमा पहिचान बनाएको राप्रपाको आन्दोलन घोषणालाई अस्वभाविक मानिएको छैन् । तर नेपाली कांग्रेस गण्डकीले संविधान र पार्टीको विधानलाई खुल्ला चुनौती दिएको छ । कांग्रेसले पार्टीको विधानमा रहेको 'लोकतन्त्र' शब्द नमान्ने घोषणा गरेको छ । गण्डकी प्रदेशको कांग्रेसले प्रथम सम्मेलनबाट नै विधानमा प्रजातन्त्र राखेर लोकतन्त्रलाई हटाउने र धर्मनिरपेक्षतालाई हटाउने निर्णय गरेको छ । गण्डकी प्रदेशको ब्यानर लगायतका हरेक लिखतमा लोकतन्त्रको स्थानमा प्रजातन्त्र लेखिएको छ । कांग्रेसको मूल विधानमा भने राष्ट्रियता, लोकतन्त्र र समाजवाद नै उल्लेख छ । तर गण्डकी प्रदेशले त्यसलाई अस्वीकार गर्दै प्रजातन्त्र लेख्न थालेको छ । नेपालमा कांग्रेस पार्टी सबै भन्दा ठूलो दल रहेको छ । वडा स्तरसम्म संगठन रहेको कांग्रेसमा हिन्दू राष्ट्र घोषणा हुनुपर्ने पक्ष सशक्त हुन थालेको छ । कांग्रेसका सभापति शेरबहादुर देउवाले समुद्घाटन गरेको गण्डकी प्रदेशको पहिलो सम्मेलनले पार्टीको विधानबाट लोकतन्त्र हटाएर प्रजातन्त्र राख्न र धर्मनिरपेक्षता हटाएर हिन्दू राष्ट्र लेख्नु पर्ने प्रस्ताव नै पारित गरेपछि संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधरहरुलाई चिन्तित बनाएको देखिन्छ । संविधानमा व्यवस्था भएको समानुपातिक प्रतिनिधित्व रहने निर्वाचन प्रणाली पनि खारेज हुनुपर्ने गण्डकीको माग छ । नेपाली कांग्रेस गण्डकीको निर्णय संघीय लोकतान्त्रिक गणतन्त्रको विरोधमा रहेको छ । प्रदेश सम्मेलनको निर्णयलाई कार्यान्वयन गर्न केन्द्रीय समितिमा सुझाव सहितको प्रस्ताव पठाइएको छ । हिन्दू राष्ट्रको पक्षमा दिनहुँ जसो प्रदर्शनहरु हुने गरेका छन् ।हिन्दू धर्मलाई मूल मुद्दा बनाएर राजालाई पुनःस्थापित गराउने नीति लिएका दलहरुको सकृयता बढेको छ । पूर्व राजा पनि आफ्नो गतिविधिलाई तीव्र बनाएका छन् । संघीयताको प्रत्यक्ष रुपमा विरोध नगरे पनि राष्ट्रिय स्वतन्त्र पार्टी पनि प्रदेश संरचनाको पक्षमा छैन् । गत निर्वाचनमा रास्वपाले प्रदेशमा उम्मेदवारी नदिएर त्यसको संकेत गरिसकेको छ ।

### सरकारको एक वर्ष

# ऊर्जा क्षेत्रमा जागेको आशा



**गणेश कार्की**

विद्युत् ऐन २०४९ आएपछि निजी क्षेत्रलाई ऊर्जामा लगानीका लागि बाटो खुलेको हो । ऊर्जाका आयोजनाको अनुमतिपत्र लिएर निर्माण सुरु गरेको साढे दुई दशक बितेको छ । यसबीच साढे दुई दशकको अवधिमा नेपालको निजी क्षेत्रले दुई हजार एक सय ७५ मेगावाट विद्युत् उत्पादन गर्न सफल भएको छ । निजी क्षेत्रले यति छोटो समयमा यति धेरै प्रगति गर्नु पछाडि सरकारले ल्याएको ऊर्जाप्रतिको उदार नीति र निर्माण गर्ने वातावरण नै हो ।

कुनै बेला वर्षको १० मेगावाट विद्युत् पनि उत्पादन नहुने र दैनिक १६ घण्टासम्म विद्युत् भार कटौती भएको नेपालमा अहिले वार्षिक एक हजारभन्दा बढी मेगावाट विद्युत् उत्पादन हुन थालेको छ भने बिजुली बढी भएर खेर जान थाल्यो भनेर चिन्ता बढेको छ । आयातमात्र गर्ने नेपालले वर्षामा पाँच सय मेगावाट निर्यात गर्दा पनि अझै खेर गयो भनेर यसको व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ ।

गत वर्ष पुसमा तेस्रोपटक प्रधानमन्त्री बन्नुभएका पुष्पकमल दाहाल 'प्रचण्ड'को सरकार आएपछि ऊर्जा क्षेत्रमा केही आशालाग्दा काम अघि बढेका छन् । बिजुली खेर जाने चिन्ताबाट मुक्ति दिलाउनका लागि सरकारले प्रयास अघि बढाएको छ । २०८० जेठमा प्रधानमन्त्री दाहालको भारत भ्रमणका क्रममा भारतले नेपालबाट १० वर्षमा १० हजार मेगावाट विद्युत् आयात गर्ने प्रारम्भिक समझदारी भएको थियो । यो समझदारी नेपालका लागि ऐतिहासिक र महत्वपूर्ण छ । यद्यपि, प्रारम्भिक समझदारी भएको छ महिना बित्दा पनि समझदारीपत्रमा हस्ताक्षर भने भएको छैन, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले यो अन्तिम चरणमा रहेको बताएकाले निजी क्षेत्र सकारात्मक सन्देशको पर्खाइमा छ ।

लामो समयदेखि नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) रोकेकामा यो सरकार आएपछि चार हजार पाँच सय मेगावाटको बाटो खुलेको छ । १२ हजार मेगावाट बराबरका निजी क्षेत्रद्वारा प्रवर्द्धित जलविद्युत् आयोजनाले पिपिएका लागि आवेदन दिएकामा यो सुरुआत हुनु पनि धेरै सकारात्मक हो । हाल विद्युत् प्राधिकरणमा नदी प्रवाहमा आधारित, अर्ध जलाशय र जलाशययुक्त आयोजनाको पिपिएको हिस्सा तोकिएकामा त्यो अन्त्य गरी पिपिए पूर्णरुपमा खुल्ला गर्ने गरी मन्त्रालयले प्रक्रिया अघि बढाएको छ । अर्को, कोभिड, रुस-युक्रेन युद्ध, बैङ्कको तरलतालगायत थुप्रै कारणले अहिले निजी प्रवर्द्धकहरुले जलविद्युत्को निर्माण अघि बढाउन समस्या परिरहेको छ । यस्तो अवस्थामा बाह्य कारणबाट निर्माणमा जान लागेका र निर्माणाधीन जलविद्युत् आयोजनाहरुलाई पनि सरकारले अन्तिम व्यापारिक मिति (आरसिओडी) म्याद थप्ने प्रक्रिया पनि अघि बढाएको छ । यसलाई पनि सकारात्मक रुपमा लिनुपर्छ ।

'ऊर्जा क्षेत्रको बृहत्तर विकास'बाट मात्रै नेपालको समृद्धि सम्भव छ भन्ने बुझेका प्रचण्ड नेतृत्व सरकारले सन् २०३५ भित्र साढे २८ हजार मेगावाट विद्युत् उत्पादनको मार्गचित्रसहितको कार्ययोजना बनाउने कार्य अन्तिम चरणमा पुगेको छ । १५ हजार मेगावाट निर्यात र १३ हजार मेगावाट आन्तरिक खपत गर्ने उद्देश्यसहित निर्माण गर्न लागेको मार्गचित्रले नेपालको ऊर्जा भविष्यलाई अझ बलियो बनाउने आशा इप्पानसँगको भेटमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले पटकपटक गर्नुभएको छ । यसले पनि निजी क्षेत्र उत्साहित छ तर मार्गचित्र सार्वजनिक गर्न एकदम ढिलाइ भइरहेको छ ।

यसैगरी, विद्युत् व्यापारमा समेत निजी क्षेत्रलाई सहभागी गराउने तथा अन्य धेरै विषयवस्तु समेटिएको विद्युत् विधेयक, २०८० लाई सरकारले संसद्मा पेस गरेको छ । यो अहिले संसद्को पूर्वाधार विकास समितिमा छलफल हुने चरणमा छ । यसलाई निजी क्षेत्रमैत्री बनाएर संसद्मा लैजान पनि प्रधानमन्त्रीले निकै जोडबल गरेको कुरा निजी क्षेत्रले बुझेको छ । अहिले प्रस्तावित विधेयक जस्ताको तस्तै पारित भएमा यसले निजी क्षेत्रलाई निरुत्साहित बनाउने भएकाले यसलाई सुधार्नुपर्ने विषयमा इप्पानले प्रधानमन्त्री, ऊर्जा मन्त्रीलाई पटकपटक भेटेर कुरा गरेको छ । उहाँहरुले निजी क्षेत्रलाई मर्कामा नपर्ने गरी विधेयक अघि बढाउने बताउनुभएको छ । यसले हामीलाई अझ उत्साहित बनाएको छ ।

अहिले जलविद्युत् विकासको बाधकका रुपमा वन र राष्ट्रिय निकुञ्जको प्रावधान र बदलिरहने व्यवस्था र प्रावधानहरु छन् । यसबारे पनि सरकार सचेत छ । पहिला लगातार इप्पानले यो आवाज उठाइरहेको स्वयम् प्रधानमन्त्रीले समेत यसलाई बुझेर सुधारको प्रतिबद्धता जनाइसक्नुभएको छ ।

प्रधानसेनापति प्रभुराम शर्माले पनि हालैको संसदीय समितिको बैठकमा काठमाडौँ-तराई-मधेस जोड्ने द्रुतमार्ग बनाउने जिम्मा नेपाली सेनालाई दिए पनि नियम कानुन द्रूतमार्गमा नहुँदा तोकिएको समयमा द्रूतमार्ग पूरा गर्न नसकिने बताउँदै मार्गमा रहेका चारवटा रूख काट्न प्रधानमन्त्रीलाई लगेर देखाएको नौ महिना बितिसक्दा पनि ती रूख काट्ने अनुमति नपाइएको गुनासो गर्नुभएको यहाँ स्मरणीय छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले समेत वनले एउटा रूख काट्ने अनुमति नदिँदा एउटा प्रसारणलाइनको काम १२ वर्षमा पनि सम्पन्न हुन नसकेको उल्लेख गर्नुभएको छ । यस्ता घटना र परिघटनासँगै आगामी दिनमा जलविद्युत् विकासका लागि वन वातावरणबाट भएको अवरोध हट्न ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

वर्तमान सरकारले धेरै कुरा सुधारका लागि प्रक्रिया अघि बढाएकाले निजी क्षेत्रले धेरै जलविद्युत् आयोजना निर्माण गर्न सक्ने अवस्था छ । हाल करिब रु १२ खर्ब बराबरको लगानी ऊर्जा क्षेत्रमा गरिसकेको निजी क्षेत्रसँग आफैँद्वारा निर्माण गरिएका आयोजनाको सङ्ख्या एक सय ६० नाघिसकेको छ । तीन हजार एक सय ६३ मेगावाट बराबरका आयोजना निर्माण गरिरहेको आयोजनाले पाँच हजार पाँच सय मेगावाटका आयोजना निर्माणको तयारी अघि बढाएको छ । ४८ हजार एक सय ४५ मेगावाटका जलाशययुक्त र ७२ हजार पाँच सय ४४ मेगावाटको नदी प्रवाहमा आधारित आयोजनासहित एक लाख २० हजार ६ सय ८९ मेगावाट बराबरको कूल उत्पादन क्षमता नेपालको रहेको जल तथा ऊर्जा आयोगको अध्ययनले देखाएको छ । यो 'क्यू ४०' मा आधारित भएर गरिएको डिजाइनलाई 'क्यू २५' मात्र ल्याउँदा पनि नेपालमा करिब दुई लाख मेगावाट बिजुली उत्पादन हुने विभिन्न अध्ययनले देखाइरहेका छन् । यस्तो अवस्थामा नेपालमा अझै धेरै जलविद्युत् निर्माण गर्नुपर्ने आवश्यकता छ । गत वर्षायाममा मात्र करिब रु १५ अर्बको बिजुली भारतलाई बेचेको नेपालले यति धेरै क्षमताका जलविद्युत् आयोजना निर्माण गर्ने हो भने भविष्यमा यसले नेपालको आर्थिक समृद्धि गर्ने निश्चित छ ।

अति विकटमा निर्माण हुने भएकाले यसले त्यो क्षेत्रको आर्थिक, सामाजिक विकास मात्र गर्दैन, यसले समग्र अर्थतन्त्रमा ठूलो योगदान पुर्याउन सक्छ । यसलाई मध्यनजर राखेर निजी क्षेत्रमैत्री कानुन, नीतिका साथ काम गर्ने वातावरण निर्माण गर्नु आवश्यक छ । राज्यका सामाजिक दायित्व बढिरहेको बेला पाँच सय मेगावाटसम्मका जलविद्युत् आयोजना निर्माण गर्न निजी क्षेत्र सक्षम भइसकेको छ । यसलाई दृष्टिगत गरी सरकारले आगामी दिनमा पाँच सय मेगावाटभन्दा मुनिका सबै आयोजना निजी क्षेत्रलाई निर्माण गर्ने गरी नीति ल्याउनु आवश्यक छ । जलाशयुक्त आयोजनाको हकमा भने सरकारी निकायबाटै निर्माण गर्नु आवश्यक छ ।

आगामी दिनमा विद्युत् उत्पादनमा मात्र होइन, प्रसारण, वितरण र व्यापारमा समेत निजी क्षेत्रलाई सहभागी गराउनु आवश्यक छ । यसका लागि संसद्मा पुगेको विधेयक संशोधनसहित पारित हुनुपर्छ । सरकारी निकायले बिना प्रतिस्पर्धा जलविद्युत् आयोजना पाउने तर निजी क्षेत्रले प्रतिस्पर्धा गर्नुपर्ने व्यवस्था कानुनी र व्यावहारिक दुवै रुपमा न्यायोचित छैन । यसको कारणले हाल जलविद्युत् निर्माणका लागि लागिरहेको निजी क्षेत्र उत्साहित हुने अवस्था छैन । अध्ययनका लागि धेरै खर्च गरिसकेको निजी क्षेत्र ती आयोजनाको हकमा फेरि प्रतिस्पर्धा गरेर लिन सक्ने अवस्थामा हुँदैन । यसकारण सरकारले विद्युत् ऐनमा यी लगायतका अन्य प्रावधानहरुमा सुधार गर्नु आवश्यक छ ।

आजका मितिसम्म हाम्रो ऊर्जाको ठूलो स्रोत जलविद्युत् नै हो । हाम्रो प्राथमिकता पनि जलविद्युत् नै हो । भविष्यमा नेपाललाई धनी बनाउने पनि जलविद्युत् नै हो । यसकारण अहिले नै हामीसँग भएको प्राकृतिक स्रोत र साधनलाई सही सदुपयोग गर्नुपर्छ तर समयमा सदुपयोग गर्न सकिएन भने भोलिका दिनमा जलविद्युत्को महत्व यति धेरै रहन्छ भन्न सकिँदैन । विश्वमा नयाँ नयाँ प्रविधि विकास भइरहेका छन् । यसको उपयोग गरेर तुरुन्तका तुरुन्तै धेरैभन्दा धेरै जलविद्युत् आयोजना निर्माण गर्नु आवश्यक छ । यसका लागि निजी क्षेत्रको माग भनेकै लगानी र निर्माणका लागि सहज वातावरण बनाउनुपर्छ भन्ने हो । यदि जलविद्युत् आयोजना निर्माण गर्न सकियो भने यसले नेपालमा भविष्य नदेखेर विदेशिएका लाखौँको सङ्ख्यामा युवाहरुमा नयाँ रोजगारी सिर्जना हुनेछ भने देशको अर्थतन्त्र पनि झन् चलायमान बनाउनेछ । अथाह सम्भावना भएको र देशको आर्थिक मेरुदण्डका रूपमा लिइएको जलविद्युत् क्षेत्रबाटै समग्र आर्थिक समृद्धि हासिल हुने हाम्रो सपना छ । तर, त्यो सपनालाई साकार गर्न अहिलेकै अवस्थामा भने सम्भव छैन । यसका लागि सरकारले जलविद्युत् विकासमैत्री वातारण र लगानी सुरक्षाको प्रत्याभूति दिनुपर्छ । नेपालको जलविद्युत् विकासमा निजी क्षेत्रको महत्वपूर्ण योगदान देखिए पनि सरकारको झन्झटिलो प्रक्रिया र उदासीनताका कारण जुन गतिमा जलविद्युत्को विकास हुनुपर्ने थियो, त्यसो हुन भने सकेको छैन ।

साँच्चै जलविद्युत्मार्फत देशलाई धनी बनाउने हो भने निश्चित समयका लागि देशमा ऊर्जा सङ्कटकाल घोषणा गरी जलविद्युत् आयोजना निर्माणमा अवरोध गर्ने कानुनी व्यवस्थालाई निष्क्रिय बनाई जलविद्युत् विकासको मार्गलाई स्पष्टरुपमा अघि बढाउन सकिन्छ । सरकारले ऊर्जा सङ्कटकाल घोषणा गरेर निश्चित ऐन नियमहरु निलम्बन/संशोधन गर्नै पर्ने हुन्छ । यसका लागि सरकारले १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य सरकारले लिनुपर्ने र त्यसमा १० हजार मेगावाट विद्युत् नेपालमै खपत गर्ने र बाँकी अन्तरराष्ट्रिय बजारमा पठाउने लक्ष्य लिनुपर्छ । तर, अहिलेकै अवस्थामा विभिन्न ऐनहरु बाधक बनिरहेका छन् । अन्यथा यो लक्ष्यमा हामी पुग्न असम्भव जस्तै छ ।

अहिले प्रक्रियागत झन्झट नहुने हो भने एउटा आयोजना पाँच वर्षमा सहजै सम्पन्न गर्न सक्ने अवस्था छ । तर, झन्झटिलो प्रक्रियाकै कारण त्यही आयोजना सक्न १० देखि १५ वर्षसम्म लाग्ने गरेको छ । यसरी दोब्बर समय लाग्दा आयोजनाको लागत पनि दोब्बरसम्म वृद्धि हुने गरेको छ । यसले उत्पादित विद्युत् महङ्गो भएको छ भने सर्वसाधारणले पनि सस्तोमा विद्युत् उपभोग गर्न पाउने अवसरबाट वञ्चित हुनुपरेको छ । त्यसकारण हामी निजी क्षेत्रले सङ्कटकाल घोषणा गरेर द्रुत गतिमा आयोजनाको विकास गर्नुपर्छ भनेर भन्दै आएका हौँ । प्रक्रियागत झन्झट कम भएको भए, बैङ्कको ब्याजदर एकल अङ्कमा स्थिर भएको भए, जग्गा प्राप्तिमा बाधा नभएको भए, वनका कानुन अनुकूल भइदिएको भए आयोजनाको लागत अहिलेकै अवस्थामा पनि थप घट्न सक्थ्यो । तर त्यो हुन सकेको छैन ।

वर्तमान सरकारले यसलाई राम्ररी बुझेको छ, यसको समाधानका लागि कोसिस पनि अघि बढाएको छ । निजी क्षेत्र सरकारसँग आशावादी पनि छ । प्रचण्ड सरकार आएपछि निरन्तर रुपमा सरकारले निजी क्षेत्रसँग संवाद, छलफल र बैठक गरिरहेको छ । धेरै काम अघि बढेका छन्, सकारात्मक यात्रा अघि बढेको छ तर धेरैजसोको परिणाम आउने गरी काम भइसकेका छैनन् । निजी क्षेत्रले सरकारको निर्णय प्रक्रियामा छिटोछरितो भएमा त्यति नै छिटोछरितो आयोजना निर्माण हुनेछ । वर्तमान सरकारले धेरै आशा देखाएकाले त्यो आशालाई सकारात्मक रुपमा हेरेर पर्खिरहेको छ । (लेखक स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) का अध्यक्ष हुनुहुन्छ)

# कूटनीतिक सुझबुझको खाँचो



**डा भेषबहादुर थापा**

एक सय चारवर्षे जहानियाँ राणाकालको अन्त्यसँगै २००७ सालमा प्रजातन्त्र आयो । विसं २००७ मा प्रजातन्त्र स्थापना हुँदा देश आर्थिक र कूटनीतिकरूपमा निकै पछाडि रहेको थियो । नेपालको स्वतन्त्र अस्तित्व नै असुरक्षित रहेको स्थिति थियो । त्यतिबेला साम्राज्यवाद समाप्त हुँदै थियो भने विश्वका धेरै मुलुक औपनिवेशिक शासनबाट स्वतन्त्रता हासिल गरी नयाँ पहिचान बनाउँदै थिए । नेपाल पनि आफ्नो स्वतन्त्र अस्तित्व जोगाउन विदेशी मुलुकहरूसँग सम्बन्ध विस्तार गरिरहेको थियो । राणा शासनको अँध्यारोकालबाट प्रजातन्त्रको उज्यालो समयमा नेपालले हरेक क्षेत्रमा ठूलो फड्को मारेको थियो ।

नेपाल आधुनिक संसारमा प्रवेश गरेको सन् १९५० पछि मात्र हो । त्यसबेलाका राजनीतज्ञहरूले नेपाललाई अघि बढाएका हुन् । अघिल्लो पुस्ताले राम्रो जग बसालेका कारण नै नेपाल यतिखेर यो अवस्थामा स्वतन्त्र अस्तित्वका साथ उभिन सकेको छ । छिमेकमा भएका परिवर्तनहरूबाट नेपालले आफ्नो परिचय र पहिचान स्थापित गर्दै अघि बढ्दै आएको छ । तर यसमा राजनेताहरू जति इमान्दार बन्नुपर्ने हो, त्यो नभएको भन्ने जनगुनासो बढिरहेको छ । देशको समस्या देशभित्रैबाट खोजिनुको साटो त्यसमा बाहिरी सहयोग खोज्ने प्रवृत्ति अचेल बढ्दै गएको छ । यसले हाम्रो विदेश नीतिमा कहिलेकाहीँ धमिलोपन ल्याउने गरेको छ ।

### छिमेकीसंगको सन्तुलित सम्बन्ध

नेपालको भौगोलिक संरचनाले गर्दा दुवै ठूला छिमेकी मुलुकसँग प्रतिकूल असर नपर्नेगरी आफ्नो स्वतन्त्रता र अखण्डता कायम राख्ने चुनौती हामीलाई जहिले पनि रहिरहन्छ । दुई छिमेकीमध्ये एउटालाई नजिक र अर्कोलाई टाढा राख्नु हुँदैन । दुवै छिमेकीसँग सन्तुलित, विश्वसनीय बलियो सम्बन्ध बनाएर त्यसैका आधारमा आफ्नो अस्तित्व मजबुत बनाउँदै अघि बढ्नुको विकल्प छैन । चिरकालसम्म दिगो हुनेगरी र भावी पुस्तालाई त्यही बाटोमा हिँडाउने गरी समझदारी, आपसी सद्भाव, सन्धि सम्झौताको आधारमा सम्बन्धहरू तय गरिनुपर्छ ।

खासगरी छिमेक र शक्ति राष्ट्रसँगको सम्बन्धमा नेपाल जस्तो भू-राजनीति भएको मुलुक बढी चनाखो हुनुपर्छ । विश्वको शक्ति सन्तुलनमा तल-माथि भइरहँदा हामी सचेत भएर नै अघि बढ्नुपर्छ । सत्तापक्ष र प्रतिपक्ष दुवैले यस्ता विषयमा चनाखो हुनुपर्छ र बाह्य सम्बन्धका विषयमा समान धारणा बनाउनुपर्छ । कुनै पनि मुलुकले गर्ने सहयोगलाई सापेक्षरूपमा हेर्नुपर्छ । नेपालजस्तो मुलुकका लागि टाढा-टाढाका शक्ति राष्ट्रभन्दा पनि आफ्नै छिमेकीसँगको सम्बन्ध निकै महत्त्वपूर्ण हुन्छ । विश्वको शक्ति सन्तुलनमा उदाउँदा दुई शक्तिका बीच रहेका हामीले दुवैबाट फाइदा लिन सक्नुपर्छ । ती छिमेकसँग हामीले प्रतिस्पर्धा होइन, सहकार्य गरेर अघि बढ्नुपर्छ । चीन र भारतलाई ठीक ठाउँमा राखेर सम्बन्ध अघि बढाउन सक्यौँ भनेमात्रै पनि हाम्रो पक्षमा धेरै फाइदा पुग्दछ । त्यसैले दुई मुलुकबीच सन्तुलन कायम गर्नुबाहेक हामीसँग अरू उपाय छैन ।

### विश्व परिवेशमा आएको परिवर्तन

विश्वलाई हेर्दा हिजोको परिवर्तनले ल्याएको न्यू अडरको परिवेशमा पुग्ने विश्व परिवेश चुनौतीपूर्ण बनेको छ । हिजो विश्वलाई हेर्ने र आज हेर्ने अवस्था परिवर्तन भएको छ । विश्वको अवस्था हेर्दा चिन्ताजनक छ । कतै लडाइँ भएरहेको छ कतै प्राकृतिक विपद् भइरहेको छ । विश्वको आर्थिक सङ्कटले गर्दा मानिस अवसरको खोजीमा विश्वभर शरणार्थीको रूपमा अन्य मुलुकमा दौडिरहेको छ । आफ्नो जन्मेको देश छाडेर आफूलाई सुरक्षित महसुस गर्दै प्रगतिको लागि अन्य देशमा पलायन भइरहेको छ । अर्कोको देशमा गएर मुक्ति पाइन्छ भन्ने भ्रमले डेरा जमाएको छ ।

### विदेश नीतिमा सुधार

हाम्रो विदेश नीति पनि स्पष्ट नै छ तर कार्यान्वयन पक्ष कमजोर छ । संविधानको मार्गदर्शन, राष्ट्रिय हित, संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलका सिद्धान्त हाम्रा विदेश नीतिका मुख्य मार्गदर्शक हुन् । त्यो आधारमा सम्बन्धलाई अघि बढाउन सक्दा सरकार चुक्दैन । मुलुकको हितलाई केन्द्रमा राखेर बाह्य सम्बन्ध सुदृढ गर्नेमा हामी उन्मुख हुनुपर्छ । समाजवाद, लोकतन्त्र र मानवअधिकारप्रति सचेत रहेर सरकार अघि बढेमा धेरै विषयमा हामी अब्बल ठहरिनेछौँ । नेपालजस्तो मुलुक विश्वको कुनै पनि गुट वा उपगुटमा सामेल हुनुहुँदैन ।

नेपालजस्तो राष्ट्रका लागि कूटनीति ठूलो हतियार हो । कूटनीतिमा स-साना कुराले पनि गम्भीर अर्थ राख्छ । कूटनीति सिधा रेखामा हुँदैन । यसको कुनै स्थापित सूत्र पनि छैन । तर, यसको निश्चित मूल्य र मान्यता हुन्छ । त्यसमा हामी सचेत रहनुपर्छ । वर्तमान सरकार गठनपछि कूटनीतिक क्षेत्रमा केही आशाको किरण देखिन्छ नै । संयुक्त राष्ट्रसङ्घका महासचिवको नेपाल भ्रमणदेखि विभिन्न मुलुकहरूमा भएका भ्रमणहरूको आदान-प्रदानले ती देशहरूसँगको कूटनीतिक सम्बन्धलाई फराकिलो बनाउन मद्दत पुग्दछ ।

### जनतामा आशाको सञ्चारको खाचो

नेपालमा पनि पटकपटक राजनीतिक परिवर्तनहरू भए । समानताका लागि अनेक व्यवस्था परिवर्तन भए । प्रजातन्त्रको निम्ति आफ्नो ज्यान बलिदान गर्ने सहिदहरूको देन अविस्मरणीय छ । अहिले नागरिकमा चेतनाको स्तर निकै माथि उठेको छ । राजसंस्थाको अन्त्यदेखि गणतन्त्रको बहालीसम्म आइपुग्दा नेपालको राजनीतिले ठूलो चक्र पार गरेको छ । तैपनि नेपाली जनताले राजनीति स्थिरताको भावना पाउन सकेका छैनन् । आफ्नोपनलाई कायम गरी विश्वमा प्रगतिशील राज्यको रूपमा देखाउन जुन अवस्था शान्ति बहालीपछि भयो, शान्ति र प्रगतिको बाटो पहिल्याउनुपर्ने थियो, देशमा स्थायित्व र प्रगति बनाउनुपर्ने थियो त्यो भने हुनसकेको देखिँदैन । हिजो यसैका लागि भनेर सङ्घर्षमा होमिएकाहरू आज कोही यहाँ सम्भावना नदेखेर विदेश पलायन भएका छन् भने कोही आफूले हिजो देखेको सपनाबाट विचलित भई निहित स्वार्थमा चुलुम्म डुबेका छन् । यसले मुलुकलाई अधोगतितिर लैजान्छ ।

हामी यतिबेला विषम परिस्थितिबाट गुज्रिरहेका छौँ । एकातिर विश्वमा नयाँ शक्ति राष्ट्रहरू उखदाउँदै छन्, शीतयुद्ध समाप्त भए पनि विश्व परिस्थिति झन् जटिल मोडतर्फ बढ्दैछ भने अर्कोतिर देशभित्रै आन्तरिक चुनौतीहरूको सामना गर्ने क्षमतामा ह्रास आएको छ, विश्वासको सङ्कट बढ्दो छ । राजनीति जनमुखी हुनुभन्दा स्वार्थप्रेरित हुँदै गएको छ । राजनीतिक परिवर्तनमात्र नभई आर्थिक परिवर्तन आवश्यक छ । सङ्घर्ष र परिवर्तनको बेला जुन धारणा बाहिर आएको थियो जनताका लागि काम गर्छौं भनेका थिए, आज त्यसो नहुँदा हिजोको भन्दा अवस्था झन् चुनौतीपूर्ण भएको छ । तसर्थ, सम्पूर्ण राजनीतिक शक्तिहरू आन्तरिक विवादमा नअल्झिएर मुलुकलाई समृद्धिको बाटोतर्फ हिँडाउन सक्षम हुनुपर्ने बेला छ । विवेकशील र दूरगामी निर्णयहरूको खाँचो टड्कारोरूपमा रहेको छ ।

जनताले देशभित्र सुख, शान्ति र समृद्धिको सम्भावना नदेखेर विदेशी भूमिमा जसरी जाने लर्को लागेको छ, यसले एकातिर मुलुकमा युवा शून्य हुने अवस्था आएको छ भने अर्कोतिर विदेशी भूमिमा अर्काको लागि लडेर ज्यान गुमाउनुपर्ने अवस्था छ । हिजो भएन भन्ने कुरा आज हुन्छ भनेर आशाको भावना देखाउन छाडेर विदेशिनुपर्ने अवस्था आउनु देशको दुर्भाग्य हो । विगतमा भएका कमीकमजोरीलाई केलाउँदै कसैलाई दोषी देखाइरहनुभन्दा त्यसबाट पाठ सिक्नुपर्छ । सुशासनका लागि कानुनी राज्य र न्यायपूर्ण समाजको स्थापना गर्ने अवस्था सिर्जना भएको छ ।

प्रजातन्त्र पुनःस्थापनापछि विश्वका धेरै देशबाट नेपाललाई थुप्रै सहयोग प्राप्त भयो तर ती सहयोगलाई हामीले प्राथमिकीकरण गर्न सकेनौँ । विदेशी सहायताको उचित प्रतिफल प्राप्त क्षेत्रमा लगानी हुन सकेन । सहायता वा लगानी ल्याउँदा देशको दीर्घकालीन हितमा प्रयोग गर्नु जरुरी हुन्छ । समृद्ध नेपाल निर्माण गर्न शान्तिपूर्ण कानुनी राज्य हुनुपर्दछ । यो नदेखेर जनतामा निराशा जागेको छ । नैतिकताको ह्रास व्यापक भएको अनुभूति जनताले गरेका छन् । जनताको आशा राजनीतिक स्थिरता होस्, त्यसलाई हासिल गर्न सक्ने कुरा जनताले अनुभूति गर्न सकेका छैनन् । यो निकै चुनौतीपूर्ण विषय हो भन्ने मलाई लाग्दछ । यतिबेला विश्वमा देखिएको अनिश्चित वातावरणबाट कसरी देशलाई जोगाउने भन्ने आशाको सञ्चार दिन आवश्यक छ ।

### राष्ट्र-परराष्ट्र पुस्तकले समेटेको पाटो

अस्थिर परिवर्तनहरूबट गुज्रिएको नेपालको लामो कालखण्डलाई प्रत्यक्ष हेर्ने र भोग्ने अवसर मलाई मिल्यो । विसं २००७ को परिवर्तन, २०१७ सालको प्रतिपरिवर्तनदेखि गणतन्त्र नेपालसम्मका राजनीतिक आरोहअवरोह, आर्थिक मामिला, परराष्ट्रनीति तथा कूटनीतिक अभ्यासलाई समेटेर हालै मेरो पुस्तक राष्ट्र-परराष्ट्र एकतन्त्रदेखि गणतन्त्रसम्म बजारमा आएको छ ।

अमेरिकाको विश्वविद्यालय क्लेयरमन्टमा पढिरहेको आफूलाई २४ वर्षे उमेरमै राजा महेन्द्रले राष्ट्रिय योजना परिषद्को सदस्यसचिव बनाएदेखि विभिन्न समयक्रममा ४० वर्ष नकट्दै अर्थसचिव, नेपाल राष्ट्र बैंकको गभर्नर, अर्थमन्त्री, परराष्ट्रमन्त्रीको जिम्मेवारी पाएको थिएँ । अमेरिका तथा भारतका लागि राजदूत तथा पछि नेपाल-भारत प्रबुद्ध समूहअन्तर्गत नेपालतर्फका संयोजकसमेत रहेर काम गर्दाका अनुभवलाई नै पुस्तकमा उल्लेख गरेकाले धेरैका लागि देशको आर्थिक, राजनीतिक र कूटनीतिक पाटाहरूको जानकारी राख्न सहयोग पुग्ने देखेको छु ।

(डा थापासँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)

# संसद्लाई प्रभावकारी बनाउन ठोस काम भएनः बस्नेत

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)का नेता एवं इलाम क्षेत्र नं १ बाट विजयी प्रतिनिधिसभा सदस्य महेश बस्नेत एक वर्षअघि सङ्घीय सांसदको जिम्मेवारी पाउँदा निकै उत्साहित थिए । जनता र राष्ट्रका लागि केही योगदान गर्न सकिन्छ कि भन्ने आफूले साँचेको त्यो उमङ्ग एकवर्षे संसदीय अभ्यासले खल्लो बनाएको उनले प्रतिक्रिया दिनुभएको छ ।



प्रतिनिधिसभा विकास पूर्वाधार समितिका सदस्यसमेत रहनुभएका सांसद बस्नेतले सङ्घीय संसद्ले प्रभावकारी ढङ्गले काम गर्न नसकेको गुनासो गरेका छन् । उनले संसदीय प्रणालीमा सदनको प्रभावकारिता कम भएमा त्यसको असर सम्पूर्ण राज्यप्रणालीमा पर्न सक्नेतर्फ सरकार र राजनीतिक दलहरू बेलैमा सजग एवं सचेत हुनुपर्ने सुझाव दिए ।सांसद बस्नेतले भने, "हाम्रो क्षमता, सीप र अनुभवमा कमी भएर पनि संसद् को प्रभाकारिता नबढेको हुनसक्छ । संसद्लाई के गर्दा बलियो, प्रभावकारी र जिम्मेवार बनाउन सकिन्छ भन्ने पाटो मैले खोजिरहेको छु ।"

राज्यका सम्पूर्ण अङ्ग व्यवस्थित, सन्तुलित र नियन्त्रित ढङ्गले अघि जानुपर्नेमा त्यो नभएको बताउँदै सांसद बस्नेतले संसद्लाई चुस्त ढङ्गले अघि बढाउन सरकारले संसद्या 'बिजनेस'नै दिन नसकेको गुनासो गरे । उनका अनुसार एक वर्षको अवधिमा एउटा मात्र कानुन पारित भएको छ । विधेयकहरू सदनमा आएर थन्किएको अवस्था छैन । सरकारले सदनलाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्न बिजनेस नै दिएको छैन । प्रमुख प्रतिपक्षले उठाएका विषयवस्तु पूणरूपमा बेवास्ता गरिएको छ । सदन प्रभावहीन बनेको छ । 'माननीय'को गर्वबोध हुने र सरकारलाई निर्देशित गर्ने काम पनि भएका छैनन् ।

विसं २०३१ मा राजनीतिमा प्रवेश गर्नुभएका बस्नेतसँग स्ववियु सदस्य, नेकपा (माले) पार्टी सदस्य, प्ररायुसङ्घ इलाम नगरपालिका सचिव, एमाले नगर कमिटी सचिव हुँदै विसं २०५४ मा इलाम नगरप्रमुख भई काम गरेको अनुभव छ ।एमाले जिल्ला कमिटी सदस्य, सचिव, विसं २०७४ मा पुनः नगरप्रमुख, विसं २०७८ देखि हालसम्म जिल्ला कमिटी अध्यक्ष र केन्द्रीय कमिटी सदस्य रहेका सांसद बस्नेत विभिन्न सङ्घसंस्था, खेलकुद, प्राध्यापनमा समेत संलग्न छन् ।विसं २०७९ को आमनिर्वाचनमा नेकपा (एकीकृत समाजवादी)का वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनाललाई पराजित गरी पहिलोपटक सङ्घीय संसद्मा प्रवेश गरेका उनले 'सुनुवार जातिको परिचय' नामक कविता सङ्ग्रह पनि प्रकाशन गरेका छन् ।

संसद्लाई गतिशील र प्रभावकारी बनाउन बढी जिम्मेवारी सरकारको हुने बताउँदै नेता बस्नेतले मुलुकमा देखिएका विभिन्नखाले समस्या समाधान गर्न सांसदले विषयवस्तु निरन्तर उठान गरे पनि सरकारले सम्बोधन नगरेको आरोप लगाए। उनले भने, "यो एक वर्षको अवधिलाई सर्सर्ति हेर्दा सरकार सदनको मर्यादालाई कायम राख्नेभन्दा कसरी छलेर अघि बढ्न सकिन्छ भन्ने ध्याउन्नमा देखियो। सांसदले गम्भीरतापूर्वक उठाएका कैयौँ विषयमा सभामुखले सरकारलाई ध्यानाकर्षण गराए पनि त्यसको कार्यान्वयनमा सरकारले सुनेको देखिएन । जसबाट संसद्ले आफ्नो प्रभावकारिता देखाउन सकेन । आमजनताको बुझाइ पनि त्यही छ।"

नेकपा (एमाले)ले सदनमा प्रतिपक्षको रूपमा असल अभ्यास गरिरहेको बताउँदै सांसद बस्नेतले सरकार निरङ्कुश र अमर्यादित ढङ्गले अघि जाने प्रयास गरेमा सही मार्गमा ल्याउने जिम्मेवारी प्रतिपक्षकै भएको धारणा राखे । जनताले भोगिरहेका कष्ट सदनमा लैजाने र राज्यको ध्यान मुखरित गर्ने काम आफूहरूले गरिरहेको जिकिर गर्दै उनले सरकार प्रतिपक्षको आवाज नसुन्नेमात्र होइन, राज्यका स्रोत साधनको चरम दुरुपयोग र दोहन गर्ने संयन्त्रका रूपमा सञ्चालित भइरहेको आरोप लगाए ।उनले भने, "सरकार जनताप्रति गैरजिम्मेवार भएका कारणले नै प्रतिपक्षले जतिसुकै राम्रा कुरा उठाए पनि उसले सुनुवाइ गरिरहेको छैन । जनताका आवश्यकता र औचित्यका आधारमा बजेट सन्तुलितरूपमा विनियोजन हुनुपर्छ । तर प्रतिपक्षले उठाएका योजना पाखा लगाउने काम गरियो ।"

राष्ट्र र जनताका प्राथमिकतालाई भन्दा आफ्नो सत्ता कसरी टिकाइराख्ने भन्नेमा सरकार केन्द्रित रहेको आरोप लगाउँदै उनले सरकारले गर्दा नै संसद् चल्न नसकेको मात्र नभई राज्यका निकाय स्वेच्छाचारी, मनोगत र प्रतिशोध ढङ्गले चलिरहेको दाबी गरे । एमाले प्रमुख प्रतिपक्षी हुनुका नाताले रचनात्मक सहयोग गर्न तत्पर रहेको बताउँदै उनले राज्यले त्यस सद्भावलाई स्वीकार गर्न नखोजेको भनाइ राखे ।

नेता बस्नेतले भने, "अहिलेको सत्तारुढ गठबन्धनको मुख्य उद्देश्य नै आफूलाई स्थापित गर्ने र प्रतिपक्षलाई पाखा लगाउने प्रयासमा केन्द्रित भएको देखिन्छ । यसबाट परिवर्तनका मित्रवत शक्तिबीच हार्दिकता बढाउनेभन्दा फाटो ल्याएर परिवर्तनलाई कमजोर बनाउने काम हुँदैछ । यस्तो अवस्थामा देशमा अराजकता हाबी हुन थाल्छ र यही कारण जनता निराशाको स्थितिमा छन् ।" उनले आफ्नो इलामको निर्वाचन क्षेत्रमा राजनीति नभई विकास निर्माण, समृद्धि, स्वाभिमान र स्वतन्त्रता जनताको प्राथमिकता भएको प्रतिक्रिया दिए ।

एक प्रसङ्गमा सांसद बस्नेतले भने, "हामी कहाँबाट आएका हौँ, स्रोत के हो, निर्वाचित गर्ने मतदाताले कानुनमात्रै निर्माण गर भनेका हुन् कि स्थानीय बाटा, कुला, सडक, विद्यालय र स्वास्थ्य चौकीका समस्या पनि समाधान गर्नुपर्छ भनेका थिए ? त्यो पक्षलाई पनि विचार गर्नुपर्छ । र हामीले जनतासमक्ष गरेका वाचा भुल्न हुँदैन ।"

सांसद बस्नेतका अनुसार मतदाताले सुम्पिएको दायित्वलाई पूरा गरेनौँ, केन्द्रमा कानुनमात्रै निर्माण गरेर बस्यौँ भनियो भने कस्तो महसुस गर्लान् ? नागरिक कुन तहका छन् बुझ्न जरुरी छ । दुई प्रतिशतले कानुन निर्माणको पाटोबाट सरहना गरे पनि ९८ प्रतिशतले स्वीकार्दैनन् । कानुन निर्माण गर्नेतर्फ सरकारले पर्याप्त ध्यान नै नदिएपछि सांसद कहाँ रहने भनी प्रश्न गर्दै उनले कानुन निर्माणलाई सांसदले ध्यान दिँदैनन् भन्ने सोच सही नभएको र त्यो पूर्वाग्राही रहेको टिप्पणी गरे । सङ्घीय सांसदको प्रमुख जिम्मेवारी नीति र विधि निर्माण नै भएको बताउँदै नेता बस्नेतले विकास निर्माणका काम गर्दै नगर भनेर संविधानमा कहीँकतै नलेखेको प्रतिक्रिया दिए ।

'सुखी नेपाली समृद्ध नेपाल' निर्माण गर्छौं भने विधिमात्रै बनाएर पुग्छ कि विकासबाट सम्बोधित गर्नुपर्छ भनी प्रतिप्रश्न गर्दै उनले विधिलाई व्यवहारमा रुपान्तरण गर्ने अभियानमा सांसदलाई भूमिकाबाट किन विमुख गराउनुपर्यो भनी आश्चर्य प्रकट गरे । प्रतिपक्षले उठाएका जायज मागलाई सरकारले गम्भीरतापूर्वक स्वीकार गरेमा सदन अवरुद्ध नहुने बताउँदै उनले विगतमा बहुमतको आडमा सरकार नै मुढेबलमा लागेपछि प्रतिपक्षलाई आक्रोशित हुन बाध्य पारेको प्रतिक्रिया दिए ।

उनले भने, "राज्यपक्ष जिम्मेवार र संयमित हुनपर्छ, समझदारी कायम गरेर अघि बढ्न पर्छ ।" राष्ट्र र समाजप्रति न्यूनतमरूपमा इमान्दार हुनुपर्ने आवश्यकता औंल्याउँदै नेता बस्नेतले भने, "हामी अत्यन्त असामाजिक र स्वार्थी बनेका छौँ । धन र पदलोभमा परी नैतिकता र आचरण दाउमा लगाउने ठाउँमा नेतृत्ववर्ग नै पुगेको छ ।"

पछिल्लो समय युवाको पलायन बढेको र धेरैले देश छाड्न थालेकोप्रति चिन्ता व्यक्त गर्दै सांसद बस्नेतले सबैले आफ्नो मातृभूमि छाडेर जाने हो भने यो मुलुक अझ नराम्रो स्थितिमा पुग्छ भने । उनले भने, "बाहिरबाट आएर कसैले पनि देश नबनाइदिने भएकाले नेपालमा उपलब्ध स्रोत र साधनलाई नागरिकको पक्षमा इमान्दारीपूर्वक प्रयोग गर्न सक्नुपर्छ ।" राष्ट्र निर्माणका लागि एकीकृत भावना र प्रयासबाट अघि बढ्ने सबै नेपालीले प्रेरणा लिनपर्ने उनको सुझाव छ ।

# मुलुकका पर्यटकीय स्थलको प्रवर्द्धन गर्नुपर्ने : राष्ट्रपति

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वाधार निर्माणमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने भएकाले त्यसमा लगानी गर्न उद्यमी-व्यवसायीहरुलाई आग्रह गर्नुभएको छ । उनले भने, "विश्व पर्यटन बजारमा नेपालका पर्यटकीय स्थलको प्रवर्द्धन गरी यस क्षेत्रलाई आयबुधबार्रन र समृद्धिको आधारका रूपमा स्थापित गर्न सकिन्छ ।"

बागलुङ उद्योग वाणिज्य सङ्घले बुधबार यहाँ आयोजना गरेको सातौँ बागलुङ महोत्सवको उद्घाटन समारोहमा राष्ट्रपति पौडेलले पर्याप्त भौतिक पूर्वाधार निर्माण गरी पर्यटक भित्र्याएर आयबुधबार्रन गर्न सकिने प्रशस्त सम्भावना रहेको बताए ।

राष्ट्रपति पौडेलले मध्यपहाडी लोकमार्गको काम द्रुत गतिमा अघि बढाउन आह्वान गर्दै झोलुङ्गे पुल र बुट्टेनलीको जिल्लाका रुपमा रहेको बागलुङका पहिचानलाई व्यापक प्रचारप्रसार गरेर आम्दानी बढाउनुपर्नेमा जोड दिए । उनले भने, "राजनीतिको उर्भरभूमिका रुपमा रहेको बागलुङ आउँदा आफूलाई आफ्नै घर आएजस्तो भयो, २०४६ सालमा आन्दोलनका क्रममा चार महिना यहाँ जेलजीवन बिताएको ताजा भयो ।" उनले जेलमा बसेका बागलुङका राजनीतिक व्यक्तिहरुलाई स्मरण गरेका थिए।

राजनीतिक चेतनाको उर्वरभूमि मात्र होइन धौलागिरि हिमशृत लासहितका प्राकृतिक छटाले सुसज्जित बागलुङ वरपरका क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय विकासका लागि महोत्सव आयोजना गरिएकामा राष्ट्रपतिले त्यसको सराहना गरे । सबैभन्दा धेरै विप्रेषण भित्र्याउने जिल्लाका रुपमा बागलुङले परिचय बनाएको तथा निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घको नेतृत्व जन्माएको यो जिल्लाप्रति गर्व लागेको बताए ।

बागलुङको भौगोलिक विविधता र विकटतालाई पृथक र नवीन पर्यटकीय थलोका रुपमा विकास गरी नयाँ पुस्तालाई यस क्षेत्रको भ्रमणको लागि प्रेरित गर्नु बुधबारको आवश्यकता भएको राष्ट्रपति पौडेलले बताए । उनले ढोरपाटन पर्यटन र शिकारका लागि प्रख्यात क्षेत्र भए पनि धेरै पर्यटक आकर्षित गर्न नसकेको भन्दै यसको प्रचारप्रसारमा विशेष ध्यान दिन सुझाए ।

बागलुङका कृषि उपज र जडीबुटीलाई प्रदेश सरकारले प्रवर्द्धन गर्नुपर्नेमा जोड दिँदै यिनको विकासमा उद्योगी- व्यवसायीलाई उत्प्रेरित गर्नुपर्ने राष्ट्रपतिले बताए । महोत्सवका माध्यमबाट जडीबुटीको प्रवर्द्धनमा योगदान पुगेको विश्वास उनले व्यक्त गरे । महोत्सवमा पूर्व उपप्रधानमन्त्री तथा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले बागलुङको विकासका लागि सबै सांसद एकजुट हुन आवश्यक छ भने । उनले कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्गको काममा भइरहेको ढिलाइप्रति जनता आक्रोशित भएका बताउँदै सरकारले आवश्यक कारबाही गर्नुपर्नेमा जोड दिए ।

पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेल, सांसद देवीप्रकाश भट्टचन र नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बागलुङ महोत्सवका माध्यमबाट स्थानीय उत्पादनको विकासमा सहयोग पुग्ने बताए । महोत्सव २१ गतेसम्म चल्ने उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले बताए ।

# वामपन्थी शक्ति एकताबद्ध हुनुपर्छ : नेपाल

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि वामपन्थी शक्ति एकताबद्ध हुनुपर्ने बताएका छन् । पार्टीको बुधबारदेखि सुरु भएको केन्द्रीय कमिटी बैठकमा उनले लोकतान्त्रिक वाम शक्तिले राजनीतिक स्थिरता कायम गरी मुलुकलाई समाजवादतर्फ अगाडि बढाउन सक्ने बताए ।

राजनीतिलाई विचारहीन, सिद्धान्तहीन र सस्ता नाराको खेल बनाउने प्रवृत्ति बढ्दै गएको उल्लेख गर्दै अध्यक्ष नेपालले समाजवादी कार्यदिशा भएको बलियो लोकतान्त्रिक शक्तिले मात्रै प्रतिगमनवादीलाई हस्तक्षेप गर्न सक्ने बताए । अहिलेको सङ्कटलाई सामना गर्ने वैचारिक सामर्थ्य आफ्नो पार्टीसँग रहेको उनको भनाइ थियो ।



अध्यक्ष नेपालले भने, "वैचारिक तथा सैद्धान्तिक कार्यदिशा भएको, अहिलेको सङ्कटको वस्तुगत विश्लेषण र समाधानको स्पष्ट बाटो लिएको राजनीतिक शक्ति भएको पार्टी नेकपा एकीकृत समाजवादी नै हो ।"

पूर्व प्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले भूराजनीतिक दबाब बढ्दै गएकाले राष्ट्रिय हितकाविरुद्ध अनेक षडयन्त्र हुनसक्ने खतरा औँल्याउनुभयो । राष्ट्रिय राजनीतिले एकपछि अर्को प्रतिकूलताको सामना गर्नुपरेकाले आर्थिक क्षेत्रमा समस्या गहिरिँदै गएको उनको भनाइ थियो ।

भ्रष्टाचार र अनियमितताले सामाजिक मनोविज्ञान बिथोलिँदै गएको बताउँदै अध्यक्ष नेपालले भने, "सहि राजनीतिक कार्यदिशाको खाँचो छ ।" उनले विद्रोहबाट जन्मेको आफ्नो पार्टी सङ्गठनात्मकरुपमा विस्तार गर्नुपर्नेमा जोड दिए ।

पार्टीका सम्मानित नेता झलनाथ खनालले मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र राजनीतिक विकास क्रमको उच्चत्तम उपलब्धि भएको बताउँदै यसको विकल्प खोज्न नहुने बताए। उनले वैचारिक रुपमा निकट रहेका शक्तिलाई एकीकृत गरी सङ्गठनात्मक रुपले शक्तिशाली पार्टी निर्माण गर्नुपर्नेमा जोड दिए ।

यही पुस १३ गतेसम्म चल्ने बैठकमा विधान हेरफेरका लागि नेताको सुझाव सङ्कलन गरी मस्यौदामा छलफल गरिनेछ । आगामी माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि पार्टीका तर्फबाट उम्मेदवार छनोटका लागि मापदण्ड तय गर्नुका साथै बैठकमा सङ्गठन सुदृढीकरण रणनीति तय गरिने छ ।

# आयोजनाका लागि आर्थिक अभाव नहुने प्रधानमन्त्रीको भनाई

**टुडे समाचारदाता**

गोरखा । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बूढीगण्डकी जलाशययुक्त आयोजना निर्माणका लागि आर्थिक अभाव नहुने बताएका छन् ।



गोरखाको बारपाक सुलिकोट गाउँपालिकाले बुधबार गाउँपालिका कार्यालयमा आयोजना गरेको 'जनप्रतिनिधि र सरोकारवालासँग प्रधानमन्त्री' विषयक कार्यक्रममा उनले राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको बूढीगण्डकी आयोजनाका लागि आर्थिक स्रोतको सुनिश्चिता गरिसकेको उल्लेख गरे ।

''बूढीगण्डकी आयोजना के होला ? कसो होला ? भन्ने भइरहेको थियो", प्रधानमन्त्री दाहालले भने, ''केही समयअघि मन्त्रिपरिषद्बाट भौतिक पूर्वाधारका निम्ति उठाउने रकमको पाँच प्रतिशत बूढीगण्डकी आयोजना निर्माणका लागि छुट्याउने निर्णय गरेकाले अब आर्थिक अभाव नहुने वातावरण सिर्जना गरिएको छ ।''

एक हजार दुई सय मेगावाट क्षमताको उक्त आयोजना निर्माण छिट्टै अघि बढ्ने उनले बताए । "यो आयोजनाबाट भविष्यसम्म पनि गोरखा र गोर्खाली जनताको आर्थिक विकास र सम्बृद्धिका निम्ति तथा रोजगारीको अवसर पनि हुन्छ," प्रधानमन्त्री दाहालले भने । गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभा सांसदसमेत रहेका प्रधानमन्त्री दाहालले निर्वाचनका बेला आफूले जनता समक्ष गरेको प्रतिबद्धता नबिर्सिएको तर केही कारणले ढिलाइ भएको उल्लेख गरे । उनले गोरखाको देउरालीमा बन्द रहेको गोरखकाली रबर उद्योग निर्माण गर्नका लागि छलफल अगाडि बढाइसकेको बताए ।

प्रधानमन्त्री दाहालले आँपपिपल अस्पताललाई ५० शय्याका रुपमा विकास गरे जिल्लाको स्वास्थ्य क्षेत्रमा आमूलपरिवर्तन ल्याउन सकिने र त्यसका लागि आधार तयार पार्न स्वास्थ्य मन्त्रालयसँग आवश्यक छलफल तथा समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# सरकारी र गैरसरकारी क्षेत्र एक हुनुपर्छ : वनमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । वन तथा वातावरणमन्त्री डा वीरेन्द्र महतोले जलवायु परिवर्तनको मुद्दामा सरकार र गैरसरकारी क्षेत्र एकजुट भएर अगाडि बढ्न जरुरी रहेको बताएका छन् ।

न्युज एजेन्सी नेपालले बुधबार यहाँ आयोजना गरेको 'विश्व जलवायु सम्मेलनको उपलब्धि र आगामी कार्यदिशा' विषयक गोष्ठीमा उनले सरकारी र गैरसकारी संस्था एक भएर जलवायु परिवर्तनको मुद्दामा अगाडि बढ् नुपर्ने बताउनुभएको हो ।उनले भर्खरै दुबईमा सम्पन्न कोप-२८ मा नेपालले राखेको 'एजेन्डा'ले विश्वको ध्यानाकर्षण भएको बताए । उनले आफ्ना मुद्दालाई कोपमा नेपालले दरो रुपमा प्रस्तुत गरेको उल्लेख गरे ।




मन्त्री डा महतोले जलवायु परिवर्तनका कारण अब आउने दिन विश्वका लागि ठूलो चुनौतीको विषय भएकाले यसबाट जोगिनका लागि सरकारले विशेष योजना बनाएर अगाडि बढ्नुपर्ने धारणा राखे । "जलवायु परिवर्तनको मुद्दामा विदेशीको मुख ताकेरमात्र बस्न हुँदैन", उनले भने । जलवायु परिवर्तनको क्षेत्रमा आउने पैसा कार्ययोजना नहुँदा खर्चमा समस्या भएको उनको भनाइ थियो ।

उनले नेपालले आफूसँग भएको प्रकृतिलाई समृद्धितर्फ जोड्न लाग्नुपर्ने उल्लेख गरे । जलवायु परिवर्तनको मुद्दामा एउटै आवाज लिएर अगाडि बढ्न जरुरी रहेको उनको भनाइ थियो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्विज्ञ सल्लाहकार डा गङ्गालाल तुलाधरले कालापत्थरमा भएको मन्त्रिपरिषद्को बैठक जलवायु परिवर्तनका बारेमा नेपालले विश्वलाई सन्देश दिन खोजेको उल्लेख गरे । संविधानका तीनवटा अनुसूचीमा विपद् व्यवस्थापनको कल्पना गरिएको उनको भनाइ थियो ।

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्राधिकरणलाई गृह मन्त्रालयअन्तर्गत राखेर निस्तेज पार्न खोजिएको उनले बताए। प्राधिकरणको नाम नै परिवर्तन गरेर अधिकारसम्पन्न बनाई प्रधानमन्त्री कार्यालयअन्तर्गत राख्नुपर्ने उनको भनाइ थियो ।

सङ्घीय संसद् सचिवालयका सचिव डा रोजनाथ पाण्डेले कोप-२८ मा नेपालले आफ्नो मुद्दालाई दरो रुपमा उठाएको बताए । कार्बनको पैसा कसरी लिने भन्नेबारे हामीसँग तथ्याङ्क नहुँदा विदेशसँग रकम लिन समस्या भएको उनको भनाइ छ ।

# ज्येष्ठ नागरिक जीवित पाठशाला : पूर्वराष्ट्रपति

**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जीवनभरको सङ्घर्ष र भोगाइबाट आर्जित ज्ञान, सीप र अनुभवले भरिपूर्ण ज्येष्ठ नागरिक जीवित पाठशाला रहेको बताएकी छन् ।

राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, २०८० को शुभकामना सन्देश दिदै उनले ज्येष्ठ नागरिकसँग रहेको अन्तर्निहित ज्ञान, सीप र अनुभवबाट नयाँ पुस्ताले जीवनोपयोगी शिक्षा ग्रहण गरी समाजको अग्रगति तथा मुलुकको विकासमा सदुपयोग गर्न सकिने बताएकी छन् ।

सन्देशमा उनले बितेका केही दशकयता जीविकोपार्जनमा आएको परिवर्तन, फेरिएको जीवन पद्धति, आप्रवासन आदिका कारण हाम्रो पारिवारिक संरचनामा समेत अभूतपूर्व परिवर्तन देखिन थालेका बताईन् । ठूलो आकारको संयुक्त परिवारको सट्टा सानो एकल परिवारमा बस्ने प्रचलन बढ्दै गएको सन्देशमा उनले उल्लेख गरेकी छन् ।

सन्देशमा उनले भनेकि छन्, "यस्तो परिवेशमा आर्थिक, सामाजिक र मानसिक रूपमा ज्येष्ठ नागरिक रमाउने वातावरणमा ह्रास आउँदै गएको महसुस हुँदैछ, पूर्वीय संस्कृतिमा आधारित हाम्रो परिवार प्रणाली, मूल्य मान्यता, संस्कार र संस्कृतिलाई बचाउँदै जीवनको उत्तरार्द्धमा पुगेका ज्येष्ठ नागरिकको जीवनलाई सहज, सुरक्षित र सम्मानित जीवनलाई सुनिश्चित गर्ने परिवार, समाज र राज्यको सामूहिक प्रयास आवश्यक रहेको छ ।"

विसं २०५१ पुस ११ गते ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न सुरु गरिएको ऐतिहासिक दिनलाई स्मरण गर्दै नेपाल सरकारको निर्णयबमोजिम पुस ११ गतेलाई 'राष्ट्रिय ज्येष्ठ नागरिक दिवस' का रूपमा मनाउन सुरु गरिएको यो तेस्रो वर्ष हो ।

# 'जनतालाई भ्रमित पार्न गणतन्त्र विरोधीले षडयन्त्र गरिरहेका छन'

**टुडे समाचारदाता**

गोरखा । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका विरोधी शक्तिहरु अहिले जनतालाई भ्रमित पार्न षड्यन्त्र गरिरहेको बताएका छन् ।

नेकपा (माओवादी केन्द्र) विशेष रुपान्तरण अभियानअन्तर्गत गोरखाको बारपाक सुलिकोट गाउँपालिका-८ मा पार्टीको वडा समितिको बैठकलाई बुधबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले जनतालाई निराश बनाउन गणतन्त्रविरुद्ध भ्रम फैलाउने षड् यन्त्र गणतन्त्र विरोधीबाट भइरहेको बताए । "जनतालाई निराश हुनबाट तपाई हामी सबैले बचाउनुपर्छ", उनले भने, ''एकथरी व्यक्ति सरकारबाट भएका राम्रा काम पनि देख्न नसक्ने, जनतालाई नदेखाउने र सकारात्मक कुनै पनि कुरा नगर्ने, खाली नकारात्मक मात्र कुरा गर्ने तथा जनतालाई निराश पार्ने षड् यन्त्र गरिरहेका छन् ।"

प्रधानमन्त्री दाहालले गणतन्त्र विराधी गतिविधि रोक्न जनतालाई सम्झाउनु बुझाउनुपर्नेमा जोड दिए । उनले विशेष रुपान्तरण अभियान चलाउनुको मुख्य उद्देश्य पार्टीलाई गतिशील र चलायमान बनाउन मात्र नभइ जनतासँगको सम्बन्ध सुदृढ गर्नुका साथै ठूलो बलिदानीपछि भएको परिवर्तनको रक्षा गर्नु पनि रहेको बताए । माओवादी केन्द्रका अध्यक्षसमेत रहनुभएका उनले अभियानको उद्देश्य अनुसार देशैभर सफल भएकोसमेत दाबी गरे ।

प्रधानमन्त्री दाहालले जनताले परिवर्तनको अनुभूति गर्नेगरी आगामी आर्थिक वर्षमा नयाँ ढङ्गले सरकारले बजेट ल्याउने गरी अहिलेदेखि नै तयारी थालिसकेको जानकारी दिए । "परम्परागत रुपमा फागुनदेखि बजेटका विषयमा छलफल गर्ने र जेठमा टुङ्ग्याउने परिपाटीको अव अन्त्य हुन्छ", उनले भने, ''यस वर्ष सरकारले फागुनसम्ममा जनताले परिवर्तनको महसुस गर्ने गरी नयाँ ढङ्गले बजेटको टुङ्गो लगाइसक्छ ।"

फरक प्रसङ्गमा प्रधानमन्त्री दाहालले वर्तमान सरकार र गठबन्धन अहिले झनै बलियो भएको बताए । "अहिलेको गठबन्धन पाँचै वर्षसम्म जान्छ, तपाईहरु ढुक्क हुनुस्", उनले भने, "कसैले कमजोर पार्ने प्रयास गरेपनि त्यो सफल हुँदैन, पाँचै वर्षसम्म सरकारमा हाम्रो बलियो उपस्थिति हुन्छ ।"


वर्तमान सरकारले मिटरब्याजीको शोषणलाई अन्त्य गरेर पीडितलाई अत्याचारबाट मुक्त गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले माओवादी नेतृत्वको सरकारले मात्र भ्रष्टाचारी, भूमाफिया र तस्करलाई ठेगान लगाउन सक्ने बताए ।

# दक्षिण कोरियाद्वारा उत्तर कोरियाली गुप्तचर प्रमुखमाथि प्रतिबन्ध

**एएफपी**

सोल । प्योङयाङले हालै अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरेपछि दक्षिण कोरियाले अवैध साइबर गतिविधिलाई लिएर उत्तर कोरियाको गुप्तचर निकायका प्रमुखमाथि प्रतिबन्ध लगाएको सोलको विदेश मन्त्रालयले बुधबार बताएको छ।

प्योङयाङ उसको आणविक बम तथा ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमका लागि पहिलेदेखि नै अन्तर्राष्ट्रिय दबाबमा छ। उत्तर कोरियाली नेता किम जोङको नेतृत्वमा आणविक बम तथा ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रममा प्योङयाङले तीव्र गतिमा प्रगति गरेको छ।सोल, टोक्यो र वासिङ्टनले उत्तर कोरियाको साइबर अपराध, क्रिप्टोकरेन्सी र मनी लन्डिङ गतिविधिलाई सम्बोधन गर्न उपायहरू समावेश गर्ने तीनतर्फी पहल सुरु गरेको सातापछि यस्तो घोषणा आएको हो। साइबर अपराध, क्रिप्टोकरेन्सी र मनी लन्डिङबाट उत्तर कोरियाले आणविक र क्षेप्यास्त्र कार्यक्रमहरूमा कोष उपलब्ध गराउने विश्वास गरिन्छ।



सोलस्थित विदेश मन्त्रालयले विज्ञप्तिमा भनेको छ, "प्योङयाङको जासुसी जनरल ब्युरोका प्रमुख री चाङ होमाथि 'अवैध साइबर गतिविधि र प्रविधि चोरीमार्फत विदेशी मुद्रा आर्जन' मा संलग्नता भएकोमा प्रतिबन्ध लगाइएको छ।" उहाँको गतिविधिले 'उत्तर कोरियाली शासनका लागि राजस्व उत्पन्न गरेको र उसको आणविक तथा क्षेप्यास्त्र गतिविधिका लागि पैसा जुटाउन' योगदान पुगेको विज्ञप्तिमा उल्लेख छ। रीलाई उत्तर कोरियाली ह्याकिङ समूह किमसुकी, लाजरस र एन्डारियलको मूल सञ्चालनका प्रमुख भएको विश्वास गरिन्छ। ती समूहमाथि सोलले पहिलादेखि नै प्रतिबन्ध लगाएको छ।

रीसँगै सोलले 'उत्तर कोरियाका लागि आणविक-सम्बन्धित खनिज र संयुक्त राष्ट्रसङ्घद्वारा स्वीकृत सामग्री लिथियम-६ को व्यापार' मा संलग्न भएको भन्दै पूर्वकूटनीतिज्ञ युन चोलसहित अन्य सात उत्तर कोरियालीमाथि प्रतिबन्ध लगाएको छ। कालो सूचीमा परेका व्यक्तिहरूलाई सोलको पूर्वअनुमतिबिना दक्षिण कोरियालीसँग विदेशी मुद्रा र वित्तीय कारोबार गर्न रोक लगाइएको छ। विश्लेषकहरूका अनुसार यी कदम दुवै मुलुकबीच अत्यन्त सीमित व्यापारलाई ध्यानमा राखेर मुख्यरूपमा प्रतीकात्मक हुन्।

सोलले अहिले गत वर्ष अक्टोबरमा प्योङयाङको हतियार कार्यक्रमसँग सम्बन्धित ८३ व्यक्ति र ५३ संस्थालाई कालो सूचीमा राखेको विदेश मन्त्रालयले जनाएको छ। उत्तर कोरियाले हालै आफ्नो आणविक तथा सैन्य धम्कीहरूलाई बढाएको छ। उसले नोभेम्बरमा एउटा जासुसी उपग्रहको सफलतापूर्वक प्रक्षेपण गरेको छ। त्यस्तै यसै महिना उसले सबैभन्दा उन्नत आइसिबिएमको समेत परीक्षण गरेको छ। उत्तर कोरियाली नेता किमले गत साता कसैले आफ्नो आणविक कार्यक्रमलाई 'उक्साएको' खण्डमा प्योङयाङ आणविक हमला गर्न नहिचकिचाउने बताउनुभएको थियो।

"उत्तर कोरियाको उत्तेजनाले अनिवार्यरूपमा मूल्य तिर्नुपर्ने हाम्रो सरकारले स्पष्ट गरेको छ", सोलको विदेश मन्त्रालयले बुधबार विज्ञप्तिमा भनेको छ, "उत्तेजना बन्द गर्न र आणविक निःशस्त्रीकरणका लागि वार्तामा सहभागी गराउन अन्तर्राष्ट्रिय समुदायसँग घनिष्ठ सहयोग जारी राख्ने तथ्यबाट हाम्रो सरकारले उत्तर कोरियालाई महसुस गराउने छ।"सोल, टोक्यो र वासिङ्टनका अनुसार प्योङयाङले गत वर्ष मात्रै क्रिप्टोकरेन्सीमा एक अर्ब ७० करोड डलरभन्दा बढी चोरी गरेको र 'दुर्भावनापूर्ण साइबर गतिविधि' मार्फत सूचना एकत्रित गरेर आफ्नो हतियार कार्यक्रममा सहयोग गरेको थियो।

# प्रम कप क्रिकेटमा एपिएफ विजयी

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेट प्रतियोगितामा सशस्त्र प्रहरी बलको एपिएफ क्लबले कर्णाली प्रदेशलाई ९२ रनले पराजित गर्दै विजयी भएको छ।



जितका लागि एक सय ६१ रनको विजयी लक्ष्य पछ्याएको कर्णाली प्रदेश निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै ६८ रनमा समेटियो। कर्णालीका लागि त्रिर्सना विश्वकर्माले सर्वाधिक १९ रन बनाइन्। उनले १९ बल खेल्दै तीन चौकाको मद्दतमा १९ रन जोडेकी हुन्।त्यस्तै गौरी बोहोराले १२ तथा रश्मी खड्काले १० रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। कप्तान किरण कुवरले १ रन बनाइन् भने बिना थापाले २ तथा अन्जु गुरुङले ६ रन बनाइन्।

कर्णालीलाई सस्तैमा समेट्नेक्रममा एपिएफकी करुणा भण्डारीले चार विकेट लिइन भने सुमन विष्टले दुई विकेट झारिन्। त्यसैगरी बिनु बुढा र सीता रानामगरले समान एक/एक विकेट लिए। यसअघि कीर्तिपुरस्थित त्रिवि मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको एपिएफले निर्धारित २० ओभरमा २ विकेट गुमाउँदै एक सय ६० रनको योगफल बनाएको थियो।

एपिएफका लागि राजमती ऐरीले सर्वाधिक ६७ रनको योगदान दिइन्। उनले ५५ बल खेल्दै नौ चौका र दुई छक्काको मद्दतमा ६७ रन बनाएकी हुन्। ममता चौधरीले ६२ रन बनाइन्। उनले पनि समान ५५ बल खेल्दै आठ चौकाको मद्दतमा ६२ रन बनाएकी हुन्। रोमा थापाले अविजित १४ रन बनाइन्। बलिङतर्फ कर्णाली प्रदेशकी त्रिर्सना विश्वकर्माले एक विकेट झारेकी थिइन्।

# इजरायलद्वारा दिल्लीमा भ्रमण नगर्न सुझाव जारी

**एएनआइ**

नयाँदिल्ली। नयाँदिल्लीस्थित इजरायली दूतावास नजिकै मङ्गलबार बम विस्फोट भएपछि इजरायलको राष्ट्रिय सुरक्षा परिषद्ले भारतमा विशेषगरी नयाँदिल्लीमा आफ्ना नागरिकलाई भिडभाड हुने स्थानमा नजान सुझाव दिएको छ।



दिल्ली प्रहरीलाई मङ्गलबार आएको फोनमा मङ्गलबार साँझ चाणक्यपुरी कूटनीतिक क्षेत्रमा इजरायली दूतावास नजिकै विस्फोट भएको जानकारी दिइएको थियो।

विस्फोटपछि दूतावास नजिकै इजरायली राजदूतलाई सम्बोधन गरिएको पत्रसमेत भेटिएको थियो। दिल्ली प्रहरीले फरेन्सिक प्रमाणका लागि सान्दर्भिक प्रमाण पठाएको छ। भारतका लागि इजरायली उपराजदूत ओहद नकास कायनारले दूतावासका कर्मचारी र कूटनीतिज्ञहरू सुरक्षित रहेको र आफ्नो सुरक्षा दलले घटनाबारे अनुसन्धान गरिरहेको मङ्गलबार बताउनुभएको थियो।

इजरायली राष्ट्रिय सुरक्षा परिषद्ले बम विस्फोटलाई सम्भवतः आक्रमणको स्वरूप भएको बताएको छ। भारतमा बसोबास गर्ने इजरायलीहरूलाई परिषद्ले सल्लाह दिँदै भनेको छ, "भिड हुने स्थान (मल, बजार) तथा पश्चिमी/यहुदीले प्रयोग गर्ने स्थानतर्फ नजान प्रयास गर्नुहोला।" परिषद्ले इजरायलीहरूलाई बाहिरी आक्रमणबाट बच्नका लागि रेस्टुरेन्ट, होटल तथा बारसहित धेरै सार्वजनिक स्थानमा नजान तथा कार्यक्रममा भाग नलिन पनि आग्रह गरेको छ।

# तेलको निर्यात चीन र भारतमा पुनःनिर्देशित

**एएफपी**

मस्को। युक्रेन द्वन्द्वमा पश्चिमी प्रतिबन्धबाट प्रभावित भएको करिब दुई वर्षपछि रुसी उपप्रधानमन्त्री अलेक्जेन्डर नोभाकले रुसले आफ्नो तेल निर्यातलाई युरोपबाट चीन र भारततर्फ पुनःनिर्देशित गरेको बुधबार बताउनुभएको छ। सन् २०२२ मा राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा सेना पठाएपछि पश्चिमी मुलुकहरूले रुसमाथि समुद्री तेल आपूर्तिमा युरोपेली युनियन (इयु) को प्रतिबन्धसहित धेरै प्रतिबन्ध लगाएका छन्।



"हामी यसअघि युरोपलाई कूल ४० देखि ४५ प्रतिशत तेल र तेल उत्पादनको आपूर्ति गर्थ्यौं", ऊर्जा नीतिको समेत जिम्मेवारी सम्हाल्नुभएका उपप्रधानमन्त्री नोभाकले एक टेलिभिजन अन्तरवार्तामा भन्नुभयो, "यस वर्ष यो आँकडा कूल निर्यातको चारदेखि पाँच प्रतिशतभन्दा धेरै हुँदैन भन्ने हामीलाई अनुमान छ।"युरोपमा आफ्नो अधिकांश बजार हिस्सा गुमाइहेकाले मस्कोले चीनसहित अन्य खरिदकर्तातर्फ ध्यान दिएको छ। "मस्कोको तेल निर्यातमा ४५ देखि ५० प्रतिशत हिस्सासम्म बढाएको चीन र भारत विद्यमान अवस्थामा हाम्रा मुख्य साझेदार बनेका छन्", उहाँले भन्नुभयो। पहिला कुनै ढुवानी प्राप्त नगरेको भारत अहिले प्रमुख खरिदकर्ता भएको छ।

नोभाकले भन्नुभयो, "दुई वर्षमा भारतमा आपूर्तिमा कूल हिस्सा करिब ४० प्रतिशतसम्म बढेको छ।" कच्चा तेललाई रिफाइन गरी युरोपेली ग्राहकहरूलाई बिक्री गर्नुअघि रुसबाट छुटमा कच्चा तेल लिन भारत सक्षम भएको रिपोर्टमा बताइएको छ। यद्यपि यस्तो बिक्री कानुनी भए पनि यो रुसी तेलका लागि पछाडिको ढोकाको बाटो भएको र यसले प्रतिबन्धको प्रभावलाई कमजोर बनाउने आलोचकहरूले बताएका छन्। मस्कोले इयुका मुलुकहरूलाई आफ्नो निर्यातमा कटौती गरेकाले रुसले आफ्नो प्राकृतिक ग्यास निर्यातका लागि नयाँ बजार खोज्नुपरेको छ। इयुले पनि नयाँ आपूर्तिकर्ताहरू खोज्नुपरेको छ।

उपप्रधानमन्त्री नोभाकले सन् २०२३ मा धेरै प्रतिबन्ध लागे पनि रुसी ऊर्जा उद्योगको सफलतापूर्वक विकास भएको बताउनुभयो। उहाँका अनुसार यस वर्ष रुसी तेल र ग्यासको राजस्व करिब नौ हजार अर्ब रुबल (९८ अर्ब अमेरिकी डलर) हुनेछ। यो सन् २०२१ मा युक्रेनमाथि आक्रमण गर्नुअघिको समान स्तर हो। उहाँले मुलुकको कूल गार्हस्थ्य उत्पादनमा तेल र ग्यास उद्योगको हिस्सा २७ प्रतिशत रहेको जानकारी दिनुभयो। यो रुसको कूल निर्यात राजस्वको ५७ प्रतिशत हो। उहाँले अन्य खरिदकर्ताहरूका लागि रुस खुला रहेको बताउनुभयो। "रुसी तेल किन्न चाहने धेरै छन्, यी ल्याटिन अमेरिकी, अफ्रिकी र एसिया-प्रशान्त क्षेत्र अन्य देश हुन्", उहाँले भन्नुभयो।

# इराकमा भएको विस्फोटमा दुई पर्यटकको मृत्यु

**सिन्ह्वा**

बगदाद। पश्चिमी इराकको मरुभूमिमा मङ्गलबार सडक किनारमा भएको बम विस्फोटमा परी मारिएका दुई कुवेती र साउदी पर्यटकको शव फेला परेको इराकी सेनाले बताएको छ।

सुरक्षा मिडिया सेलले जारी गरेको विज्ञप्तिअनुसार पर्यटक भिसामा इराक प्रवेश गरेका एक साउदी र एक कुवेती अनबर, सलाहुद्दिन र निनेवेह प्रान्तमा फैलिएको विशाल मरुभूमिमा बेपत्ता भएका थिए। इराकी सुरक्षा बलले अनबर मरुभूमिमा बेपत्ता पर्यटकको खोजीमा व्यापक अभियान सञ्चालन गर्दा उनीहरूको जलेको शव फेला पारेका हुन्।

विज्ञप्तिमा आतङ्कवादी समूह इस्लामिक स्टेट (आइएस) ले सडक किनारमा छोडेको पुरानो बममा उनीहरूको गाडीले ठक्कर दिँदा भएको विस्फोटबाट मृत्यु भएको आशङ्का गरिएको छ। यसैबीच अनबर प्रान्तको एक सुरक्षा स्रोतका अनुसार कुवेती र साउदी मरुभूमिमा शिकार यात्रामा रहेका थिए। उनीहरू आइएसको गतिविधिबाट पूर्णरूपमा सुरक्षित थिएनन्। सन् २०१७ मा आइएसको पराजयपछि इराकमा सुरक्षा स्थितिमा सुधार भएको छ। यद्यपि आइएसका केही अवशेष सहरी केन्द्र, मरुभूमि तथा उबडखाबड क्षेत्रमा लुकेका छन् र उनीहरूले सुरक्षा फौज र सर्वसाधारणविरुद्ध लगातार गुरिल्ला हमला गरिरहेका छन्।

# विस्फोटपछि इन्डोनेसियाका मजदुरद्वारा प्रदर्शन

**एएफपी**

जाकार्ता । सयौँ इन्डोनेसियाली मजदुरले बुधबार चिनियाँ लगानीको निकेल प्रशोधन प्लान्टको अवस्थाविरुद्ध विरोध प्रदर्शन गरेका छन्। उक्त प्लान्टमा सप्ताहान्तमा भएको विस्फोटमा परी कम्तीमा १८ को मृत्यु र दर्जनौँ घाइते भएका थिए। सुलावेसी टापुको मोरोवाली औद्योगिक पार्कमा रहेको पिटी इन्डोनेसिया सिङ्सान स्टेनलेस स्टिल (आइटिएसएस) को स्वामित्वमा रहेको प्लान्टमा मजदुरले भट्टी मर्मत गर्ने क्रममा शनिबार बिहान दुर्घटना भएको थियो।



सुलावेसी खनिजले सम्पन्न मुलुकको निकेल उत्पादनको केन्द्र हो। निकेल विद्युतीय सवारीको बेट्री र स्टेनलेस स्टिलमा प्रयोग गरिने धातु हो। यस क्षेत्रमा चीनको बढ्दो लगानीले तलब र कामको अवस्थालाई लिएर अशान्ति निम्त्याएको छ। एएफपीले प्राप्त गरेको तस्बिरहरूमा सयौँ मजदुर परिसरबाहिर विरोध प्रदर्शनमा भाग लिइरहेको देखिएको छ। मजदुरको प्रतिनिधित्व गर्ने युनियनले प्रहरीलाई पठाएको पत्रअनुसार प्रदर्शनकारीले व्यवस्थापनसमक्ष २३ वटा मागको सूची दिएका छन्।

मागमा धातु पगाल्ने संयन्त्रलाई राम्रो अवस्थामा राख्नुपर्ने, आपत्कालीन स्थितिको सामना गर्न स्वास्थ्य क्लिनिकको सुधार गर्नुपर्ने र चिनियाँ मजदुरलाई इन्डोनेसियाली भाषा सिक्नका लागि बाध्य बनाउनुपर्ने रहेका छन्। विस्फोटमा मारिएमा आफ्नी श्रीमती र दुई छोराछोरीलाई छाडेर जाने ४० वर्षीय वेल्डर मुहम्मद तौफिक पनि हुनुहुन्थ्यो। तौफिकका काकाका छोरा परलिन हिदायतले भन्नुभयो, "परिवार शोकमा छ, उहाँ कमाउने व्यक्ति हुनुहुन्थ्यो।" हिदायतका अनुसार आइटिएसएसले दुर्घटनापछि परिवारलाई छ करोड रुपैयाँ (३० हजार छ सय २५ अमेरिकी डलर) क्षतिपूर्ति दिएको छ।

प्रहरीका अनुसार विस्फोटपछि घाइते भएका ३० जनाको अस्पतालमा उपचार भइरहेको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले मृतकमध्ये आठ चिनियाँ पनि रहेको जानकारी दिनुभयो। उहाँले उक्त दुर्घटनाबाट बेइजिङ 'अत्यन्त दुःखी' रहेको बताउनुभयो। उहाले दैनिक प्रेस ब्रिफिङमा भन्नुभयो, "चीनले सधैँ चिनियाँ लगानीको विदेशी परियोजनाहरूमा सुरक्षित उत्पादनलाई उच्च महत्त्व दिएको छ।" विश्वको सबैभन्दा ठूलो निकेल उत्पादक तथा चीनको सबैभन्दा ठूलो स्टेनलेस स्टिल निर्माता सिङ्सान होल्डिङ ग्रुपसँग आइटिएसएसमा ठूलो हिस्सा रहेको छ।

# दक्षिणी थाइल्याण्डमा बाढीका कारण छ जनाको मृत्यु

**एएफपी**

बैंकक। दक्षिण थाइल्यान्डमा बाढीबाट कम्तीमा छ जनाको मृत्यु र हजारौँ घरबारविहीन भएको अधिकारीहरूले बुधबार बताएका छन्।



डिसेम्बर २२ देखि आएको बाढीले साङ्ग, सोङ्खला, पट्टानी, याला र नाराथिवाट प्रान्तमा ७० हजारभन्दा धेरै घरमा क्षति पुगेको क्षेत्रीय अधिकारीहरूले बताएका छन्। नाराथिवाटमा ८९ वर्षीया महिला र एक बालकसहित छ जनाको मृत्यु भएको प्रान्तीय उपगभर्नर प्रिचा नुआलनोईले बताउनुभयो।

उहाँका अनुसार धेरै दिनको भीषण वर्षापछि अर्का एक व्यक्ति बेपत्ता भएका छन्।

वर्षाका कारण बाढीको पानीको सतह केही स्थानमा करिब तीन मिटरको उचाइसम्म बढेको छ। स्थानीय मिडिया फुटेजमा सडक हिलो र बाढीले डुबेको तथा बासिन्दाहरूले छतमा शरण लिइरहेको तस्बिर देखाइएको छ। राहत टोलीहरूले बोतलबन्द पानी र खाजा वितरण गर्न तथा क्षति वा हताहतको जाँच गर्नका लागि रातभर काम गरेका छन्।

थाइल्यान्डको विपद् रोकथाम तथा न्यूनीकरण विभागका अनुसार बुधबार बिहान बाढीको सतह कम भएको छ।

मलेसियाको सीमामा रहेको नाराथिवाट प्रान्तमा ट्र्याक धसेका कारण केही रेल सेवा धेरै दिनसम्म बन्द भएपछि पुनः सञ्चालनमा आएको उपगभर्नर प्रिचाले बताउनुभयो। वर्षाको मौसममा सामान्यतया समयसमयमा बाढीको प्रकोप देखिए पनि वैज्ञानिकहरूले मानवनिर्मित जलवायु परिवर्तनले वर्षालाई अझ तीव्र बनाएको बताएका छन्।

# पास्तिानको भुक्तानी सन्तुलनमा उल्लेख्य सुधार

**सिन्ह्वा**

इस्लामाबाद । पाकिस्तानले चालु आर्थिक वर्ष (जुलाई २०२३ देखि ज़ुन २०२४ सम्म) को डिसेम्बर २० सम्म भुक्तानी सन्तुलनमा वार्षिकरूपमा पाँच अर्ब ६० करोड अमेरिकी डलरले सुधार गरेको वाणिज्य मन्त्रालयले बताएको छ।

कार्यवाहक वाणिज्यमन्त्री गौहर इजाजलाई उद्धृत गर्दै मन्त्रालयको विज्ञप्तिमा सकारात्मक व्यापार आँकडा र माथि जाने प्रवृत्तिले पाकिस्तानको लचिलोपनलाई प्रतिबिम्बित गरेको उल्लेख छ।

"हामी आफ्ना निर्यातलाई सक्षम बनाउने र निर्यातका लागि नयाँ गन्तव्य खोज्ने दिशामा काम जारी राख्नेछौँ", मन्त्री इजाजले भन्नुभयो। यसै आर्थिक वर्षको डिसेम्बर २० सम्ममा पाकिस्तानको निर्यात बढेर १४ अर्ब डलर पुगेको विज्ञप्तिमा उल्लेख छ। यसले वार्षिकरूपमा ७० करोड ९० लाख डलर (पाँच दशमलव तीन प्रतिशत) ले सुधार भएको देखाएको छ। विज्ञप्तिमा यसै अवधिमा आयातको आँकडा गत आर्थिक वर्षको सोही अवधिको २९ अर्ब २० करोड डलरबाट घटेर २४ अर्ब ३० करोड डलर भएको जनाइएको छ।

यसले आयातमा वार्षिकरूपमा चार अर्ब ९० करोड डलरले घटेको देखाएको छ।मन्त्रालयका अनुसार इन्डोनेसिया, संयुक्त अरब इमिरेट्स, मडागास्कर र चीनसहित प्रमुख स्थानमा पाकिस्तानको निर्यातमा महत्त्वपूर्ण वृद्धि भएको छ।

# कर्मचारीको हड्तालपछि आइफिल टावरको सेवा बन्द

**एएफपी**

पेरिस। फ्रान्सस्थित विश्वकै प्रमुख पर्यटकीय गन्तव्यमध्येको आइफिल टावरले कर्मचारी हडतालमा उत्रिएपछि बुधबारदेखि अनिश्चितकालका लागि सेवा बन्द गरिएको छ।

टावर हेर्नका लागि दिइँदै आएको पर्यटकीय सेवा अनिश्चतकालका लागि अवरुद्ध बनेको टावर सञ्चालक समितिले पुष्टि गरेको छ।

टावर निर्माण गर्ने इन्जिनियर गुस्ताभ आइफिलको मृत्युको १०० औँ वर्ष पुगेको सन्दर्भमा टावर व्यवस्थापन सम्बन्धी कमजोरी देखाउँदै यसमा कार्यरत कर्मचारीले हडताल गरेका फ्रान्सको श्रमिक महासङ्घ (सीजीटी) ले एक विज्ञप्तिमा जनाएको छ। महासङ्घले टावरको अपरेटर सेटे 'विपत्तितर्फ उन्मुख' भएको बताइएको छ।

सेटेले आगन्तुकहरूसँग माफी माग्दै बुधबारका लागि इलेक्ट्रोनिक टिकट भएका सबै आगन्तुक पर्यटकलाई 'उनीहरूको इमेल जाँच गर्न' भन्दै सेवा अवरुद्धताबारे जानकारी गराएको छ।

# चिउरी र चमेरो संरक्षण गर्दै

**टुडे समाचारदाता**

चितवन । चेपाङ समुदायको उत्थानका लागि बागमती प्रदेश सरकारले चिउरी र चमेरो संरक्षण गर्ने भएको छ । यसका लागि सामाजिक विकास मन्त्रालयले कार्यविधि तयार गर्न लागेको छ । प्रदेश सरकारले चितवन, मकवानपुर र धादिङका छ पालिकामा यो कार्यक्रम लागू गर्ने तयारी गरेको छ ।



चेपाङ समुदायको बसोबास रहेको चितवनको राप्ती र कालिका नगरपालिका, चितवनको इच्छाकामना, मकवानपुरको राक्सिराङ तथा धादिङको गजुरी र बेनिघाट रोराङ गाउँपालिकामा कार्यक्रम लागू गर्न लागिएको सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख गोपालप्रसाद कँडेलले जानकारी दिए । उनका अनुसार मन्त्रालयले कार्यविधि निर्माण गरेर अर्थ मन्त्रालयमा पठाएको छ । मन्त्रिपरिषद्बाट कार्यविधि पारित भएपछि कार्यान्वयनका लागि स्थानीय तहमा बजेट पठाइने उनले बताए ।

प्रदेश सरकारले यस वर्ष चिउरी र चमेरो संरक्षणका लागि रु ५० लाख बजेट विनियोजन गरेको छ । यो कार्यक्रम आर्थिक तथा सामाजिकरूपमा विपन्न तथा पिछडिएका सीमान्तकृत चेपाङ समुदायको जीविकोपार्जनका साथै आर्थिक तथा सामाजिक क्षेत्रमा जीवनस्तर सुधार गर्नका लागि महत्त्वपूर्ण हुने उनले बताए । कार्यक्रमले चेपाङ समुदायको आर्थिक तथा सामाजिक क्षेत्रमा सशक्तीकरण गर्नुका साथै परम्परादेखि जोडिएको चेपाङ चिउरी र चमेरोबीचको पारिस्थितिक प्रणाली सुदृढ पार्न सहयोग पुर्याउने विश्वास लिइएको छ ।

कार्यक्रम स्थानीय तहको २० प्रतिशत साझेदारीमा लागू गरिने सामाजिक विकासमन्त्री कुमारी मोक्तानले बताए । चिउरीको नर्सरी स्थापना, वृक्षरोपण, सचेतनामूलक कार्यक्रम, मौरीपालन व्यवसायको प्रवर्द्धन, चिउरीको मह र दानाको बजारीकरण यस कार्यक्रममार्फत हुने उनको भनाइ छ । चेपाङ समुदायलाई कार्यक्रममार्फत दिगो अर्थोपार्जनको स्रोतको व्यवस्था गरिने उनले बताए । उनले कार्यक्रम कार्यान्वयनका लागि चार चरणमा छलफल भएको भन्दै सबैको सुझाव र सल्लाहका आधारमा कार्यान्वयनमा लैजाने बताए ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले चेपाङ समुदायको संरक्षणसँगै चिउरी र चमेराको समेत संरक्षण गरिने बताए । प्रदेश सरकारले ल्याएको यो कार्यक्रम नमूना कार्यक्रम भएकाले सबै पालिकासँग समन्वय गरेर काम गरिने उनले बताए । "राज्यले सबै जातजाति, कला र संस्कृतिको संरक्षण गर्ने भनेको छ चेपाङ समुदाय त यसै पनि पछाडि परेकाले हाम्रो विशेष प्राथमिकता हुनुपर्छ", उनले भने । स्थानीय सरकार र समुदायको सहभागिताबिना कार्यक्रम सफल नबन्ने भन्दै उहाँले लक्षित क्षेत्रका बासिन्दालाई लाभ हुनेगरी योजना निर्माण गरिने बताए । इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले प्रदेश सरकारले लागू गर्न खोजेको कार्यक्रम महत्त्वपूर्ण भएको बताए । उनले चेपाङ समुदायको संस्कार, संस्कृति र आयआर्जनसँग जोडेर यो कार्यक्रम लागू गरिनुपर्ने बताए ।

# झापा इनर्जीद्वारा विद्युत् उत्पादन

**टुडे समाचारदाता**

झापा । नेपाल विद्युत् प्राधिकरणको प्रसारण लाइनमा झापा इनर्जी प्रालिबाट उत्पादित १० मेगावाट विद्युत जोडिएको छ । निजी क्षेत्रको सबैभन्दा धेरै क्षमताको यो सौर्य ऊर्जा परियोजना जिल्लाको शिवसताक्षी नगरपालिका-४ मा सञ्चालित छ ।



प्राधिकरणको दमक वितरण केन्द्रका प्रमुख परितोषकुमार चौधरीले प्राधिकरणको शिवसताक्षीस्थित बुलुचोक सबस्टेशनमा उक्त सौर्य ऊर्जा जोडिएको जानकारी दिए । "झापा इनर्जीको यो परीक्षण उत्पादन हो", उनले भने, "केही दिनसम्म लगातार परीक्षण जारी रहनेछ ।" उक्त विद्युत् उत्पादन सबस्टेशनमा जोडिँदा विर्तामोड नगरपालिका नगरप्रमुख पवित्रा महतरा, प्राधिकरणका कोशी प्रदेश कार्यालयका इन्जिनियर साजन महर्जन, झापा इनर्जीका प्रबन्ध निर्देशक सुवास भट्टराईलगायतको उपस्थिति थियो ।

झापा इनर्जीका प्रबन्ध निर्देशक भट्टराईले आगामी १५ दिनसम्म परियोजनाबाट विद्युत् उत्पादन गरेर प्राधिकरणको सबस्टेशनमा जोडिरहने जानकारी दिए । परीक्षणकाल भएकाले सो अवधिमा निजी कम्पनीले उत्पादन गरेको विद्युत्को कुनै शुल्क प्राधिकरणले तिर्नुपर्दैन ।पूर्वपश्चिम राजमार्गको दुधेबाट १० किलोमिटर दक्षिण गाउँमा २१ बिघा क्षेत्रफलमा परियोजना सञ्चालन भइरहेको छ । सोही स्थानमा सौर्य प्यानल राखिएको छ । सांसद एलपी साँवाको नेतृत्वमा रु ८१ करोडको लगानीमा चार वर्षअघि परियोजनाको निर्माण सुरु भएको थियो । परियोजनामा माछापुच्छे बैंक र सिभिल बैंकको ७५ प्रतिशत वित्तीय साझेदारी र २५ प्रतिशत स्थानीय सेयर छ ।

परियोजनास्थलबाट प्राधिकरणको बुलुचोक सबस्टेशन एक किलोमिटरको दूरीमा छ । सबस्टेशनसम्म विद्युत पुर्याउन कम्पनी आफैँले नौ सय ६० मिटर प्रसारण लाइन निर्माण गरेको थियो । झापा इनर्जी प्रालि र प्राधिकरणबीच २०७८ मङ्सिर १२ गते विद्युत् खरिद सम्झौता भएको थियो । सम्झौताअनुसार परियोजनाबाट उत्पादित बिजुली प्राधिकरणले प्रतियुनिट सात रुपैयाँ ३० पैसामा खरिद गर्ने भएको छ ।

# किसान नगदेबालीतर्फ आकर्षित

**टुडे समाचारदाता**

चितवन । चितवनका किसान पछिल्लो समय नगदेबाली तोरी खेतीतर्फ आकर्षित हुन थालेका छन् । जिल्लामा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनबाट निस्किएका वन्यजन्तुले अन्य अन्नबालीमा भन्दा कम क्षति गर्ने भएपछि यहाँका किसान तोरीखेती गर्नतर्फ केन्द्रित भएका हुन् ।



माडी नगरपालिका-३ का ओमप्रकाश महतो बिगत पाँच वर्षदेखि तोरीखेती गर्दै आएका छन् । उनले यसभन्दा पहिला धान भित्र्याएपछि गहुँ र आलुखेती गर्दै आएका थिए । महतोले अहिले आफ्नो १० कट्ठा र भाडामा लिएको १० कट्ठा जग्गामा तोरीखेती गर्दै आएका छन् । उनले भने, "जङ्गली जनावारले तोरीबालीलाई कम क्षति गर्ने भएकाले यसमा जोड दिएका हौँ ।"यस क्षेत्रमा हात्ती, गैँडा, चित्तललगायतले अन्नबाली क्षति गर्ने गर्दछन् । अहिले माडीमा तोरी टन्न फलेको छ । महतोले भने, "हाम्रो गाउँमा ६० हेक्टरभन्दा बढी जमिनमा तोरी खेती गरिएको छ । तोरी छिटो पाक्ने तथा उचित मूल्य पनि पाइने भएकाले सबैले तोरीबाली लगाउने गरेका छन् ।"

यस्तै खैरहनी नगरपालिका-१२ का नवीनकुमार श्रेष्ठ विगत दुई वर्षदेखि तोरीखेती गर्दै आउनुभएको छ । उहाँले १६ कट्ठा जग्गामा तोरीखेती गर्दै आएका छन् । पानी कम लाग्ने र जनावरले समेत असर कम गर्ने भएपछि तोरीखेती गर्न थालेको उनको भनाइ छ । श्रेष्ठले भने, "गहुँ र मुसुरो खेती ढिला पाक्छ, त्यसैले तोरी खेती गरेको हुँ ।" तोरी थन्काएपछि सोही बारीमा खर्बुजा खेती गर्ने योजनामा रहेको उनले सुनाए । तोरीले मूल्य पनि राम्रो पाउने भएकाले यो खेती गरिएको भए पनि अहिले बजार सुस्त हुँदा मूल्य घट्छ कि भन्ने चिन्ता लाग्ने गरेको श्रेष्ठको भनाइ छ ।

कृषि ज्ञान केन्द्र चितवनका अनुसार जिल्लामा यस वर्ष २१ हजार आठ सय ५० हेक्टर क्षेत्रफलमा तोरी खेती गरिएको छ । यो क्षेत्रफल गत वर्षको तुलनामा बढी हो । गत वर्ष १४ हजार सात सय ६५ हेक्टर क्षेत्रफलमा तोरी खेती गरिएको केन्द्रका योजना अधिकृत उमराज अर्यालले बताउनुभयो । उहाँका अनुसार यो क्षेत्रफल गत वर्षको तुलनामा सात हजार ८५ हेक्टरले बढी हो । गत वर्ष जिल्लामा १९ हजार एक सय ९४ मेट्रिक टन तोरी उत्पादन भएको थियो । यो वर्ष तोरी उत्पादनमा समेत बृद्धि हुने उहाँको भनाइ छ ।

बर्खे धान र मकै लगाएका अधिकांश ठाउँमा तोरी खेती गरिएको छ । तोरी बाली छिटो पाक्ने, चैते धान लगाउन सहज हुने नगदे बाली भएकाले किसानको ध्यान यस बालीतर्फ गएको योजना अधिकृत अर्यालले बताए । उनले भने, "यस वर्ष मुसुरो र गहुँ बालीलाई समेत तेलहन बालीले विस्थापित गरेको छ ।"जिल्लामा गत वर्ष तीन हजार चार सय ६० हेक्टर क्षेत्रफलमा गहुँ र एक हजार पाँच सय ३६ हेक्टर क्षेत्रफलमा दलहन बाली लगाइएको थियो । अहिले कहीँ कतै मात्रै यी बाली लगाइएको पाइएको योजना अधिकृत अर्यालले बताए । तेलहन बाली प्रवर्द्धनका लागि सरकारले समेत कार्यक्रम बनाएको हुँदा यसतर्फ आकर्षण बढेको उनको भनाइ छ ।

# ७० लाख बराबरको तरकारी निकासी

**टुडे समाचारदाता**

सुर्खेत । दैलेख गुराँसगाउँपालिका-८झ्याजेटोलका गोपीलाल खड्काले यस वर्ष तरकारी बेचेरै करिब रु पाँच लाख कमाए । उनले बारीमा आलु, काउली र टमाटर लगाउने गरेका छन् । यही तरकारी बेचेरै उहाँ आफ्नै ठाउँमा मनग्य आम्दानी गर्न सफल छन् । तरकारी बेचेरै घरखर्च र केटाकेटीको पढाइ खर्च कटाएर बचत गर्ने गरेका छन् ।

"हाम्रो यो टोलमा तरकारी उत्पादन धेरै हुन्छ, हामी फागुनमा आलु लगाउँछौँ असार साउनमा निकाल्छौँ । आलुसँगै काउली बन्दा, टमाटर पनि चैत-वैशाखदेखि नै लगाउँछौँ । अनि वर्षायाममा हुने भएकाले राम्रै फल्छ र बजार पाए आम्दानी पनि हुन्छ", उनले भने । आफ्नो यस वर्ष करिब रु पाँच लाख कमाई भएको सुनाए । "मेरो भएको जग्गाको अधिकांश बारीमा तरकारी लगाउने गरेको छु । केही नभए पनि एक याममा रु तीन-चार लाख त प्रत्येक घरकाले कमाउँछन् । तर हामीलाई उत्पादन गरेको तरकारी बजारसम्म पुर्याउन समस्या छ ।"

उनीमात्रै होइन, झ्याजेटोलकै गगनबहादुर खत्रीले पनि आफ्नो अधिकांश जग्गामा तरकारी खेती गर्दै आएका छन् । उनी पनि याममा रु चारदेखि पाँच लाख कमाई गर्छन् । उनी भन्छन्, "सबैभन्दा राम्रो कमाई आलुबाट हुने गरेको छ, आलुसँगै अन्य काउली र बन्दाले पनि भाउ पाए त राम्रै हुन्छ । तर कहिलेकाहीँ भाउ पाउँदैन ।"

यो टोलमा नौ घरपरिवार छन् । सबै घरपरिवारको मुख्य आम्दानीको स्रोत नै तरकारी खेती हो । एक याममा मात्रै तरकारी खेती गर्ने गरिएको छ । तर पनि आम्दानी राम्रो छ । अर्का किसान बालकुमारी खत्री भन्छन्, "वर्षायाममा मात्रै खेती गर्ने गर्छौँ । हिउँदयाममा तुसारो जम्छ, तरकारी उत्पादन गर्न सकिँदैन । हिउँदमा पनि उत्पादन गर्न सक्ने भए वर्षमा रु १० लाखसम्म एकजना किसानले आम्दानी गर्न सक्थ्यो ।"

यहाँ फागुन चैतबाट तरकारी खेती सुरु हुन्छ भने कात्तिकसम्म बिक्री वितरण गर्ने गरिन्छ । अर्का किसान यामबहादुर ओली भन्छन्, "फागुनमा आलु लगाउँछौँ, असार साउनमा निकालेर बेच्न सुरु गर्छौँ, काउली बन्दा भने त्यसको बेर्ना तयार गरेर वैशाखबाट लगाउन सुरु गर्छौँ, अनि असारमा बेच्ने गर्छौँ । भाउ पायो भने त मनग्य आम्दानी हुन्छ ।"

तरकारी खेतीका लागि उपयुक्त ठाउँ रहेको सो टोलका किसान स्थानीय पालिकाबाट सहयोग नपाएको गुनासो गर्छन् । आफूहरूलाई अनुदानमा मल र बीउ उपलब्ध गराउनुपर्ने र विभिन्न सरकारी कार्यक्रम लागू गर्न माग गर्छन् । किसान हीरादेवी केसी यहाँ पालिका तथा संघीय सरकारबाट कुनै पनि कार्यक्रममा नआएको बताए । "यहाँ यति धेरै उत्पादन हुन्छ, हामीलाई समस्या भनेको सडकको छ, गाउँको माथिसम्म कच्ची सडक त आएको छ, तर सधैँ चल्दैन ।

हामीले आलुको बीउ महँगोमा किन्नुपर्छ, मल पनि हामी पाउँदैनौँ ।"उनका अनुसार यो टोलमा एकजना किसानले ५० क्विन्टलसम्म आलु फलाउने गरेका छन् । अर्का किसान कृष्णबहादुर खत्रीले उत्पादन तरकारी बोकेर लैजान समस्या रहेको जनाउँदै बस्तीसम्मै बाटो निर्माण गरिदिन माग गर्छन् । गुराँस-८ का वडाध्यक्ष दीपेन्द्र ओलील बाटो नपुगेका बस्तीमा बाटो र भएका बाटो विस्तारका लागि पहल गर्ने बताए ।

प्रदेश सरकारले भने किसानको सहजताका लागि विगतको भन्दा फरक तरिकाले कार्यक्रम सञ्चालन गरिरहेको बताएको छ । भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतले उत्पादन क्षेत्रलाई नै समेट्नेगरी योजना निर्माण गरिएको जानकारी दिए । "कुन ठाउँमा के उत्पादन हुन्छ, त्यही क्षेत्रलाई लक्ष्य गरी कार्यक्रम बनाइरहेका छौँ", उनले भने, "जस्तै झ्याजेटोल आलुका लागि उपयुक्त छ भने आलु पकेट क्षेत्र बनाएर किसानलाई प्रोत्साहित हुने कार्यक्रम हामीले बनाउने गरेका छौँ । आगामी वर्षको कार्यक्रममा त्यस क्षेत्रका किसानको आवश्यकतानुसार कार्यक्रम बनाउँछौँ ।"

# अदुवा गाउँबाटै बिक्री

**टुडे समाचारदाता**

त्रिवेणी । रुकुमपश्चिमको त्रिवेणी गाउँपालिकाबाट छ करोड भन्दा बढीको अदुवा बिक्री भएको छ । पालिकाभर दुई हजार छ सय किसानले उत्पादन गरेको अदुवा बिक्रीबाट छ करोड २४ लाख आम्दानी भएको त्रिवेणी गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका कृषि शाखा प्रमुख रमेश पुनले यस वर्ष १५ लाख ६० हजार केजी अदुवा उत्पादन भएको जानकारी दिए । गाउँपालिका भित्र अदुवाखेती गर्ने दुई हजार छ सय घरधुरी रहेका र पाँच हजार दुईसय रोपनी क्षेत्रफलमा अदुवा उत्पादन हुने गरेको जनाइएको छ ।



एक रोपनी जग्गामा तीन सय केजी अदुवा उत्पादन हुने गरेको उहाँले जानकारी दिनुभयो । प्रत्येक किसानले गाउँबाटै एक क्विन्टललाई रु चार हजारका दरले बिक्री गरेका छन् । अदुवाका लागि व्यापारी गाउँमै पुगेर खरिद गर्ने गरेकाले बजारको समस्या नरहेको कृषि शाखाले जनाएको छ ।

व्यावसायिकरूपमा अदुवाखेती गरेका त्रिवेणी-४ खुम्चेरीका नरे खड्काले यस वर्ष अदुवा बिक्रीबाट रु एक लाख आम्दानी गरेको बताए । विगत २० वर्षदेखि अदुवाखेतीमा लागेका उनले निरन्तर खेती गर्दै आएका छन् । यस वर्ष उत्पादन भएको साढे तीन क्विन्टल बीउका लागि र १२ क्विन्टल प्रतिक्विन्टल रु चार हजारदेखि आठ हजारका दरले बिक्री गरेको उनले बताए ।

त्रिवेणी-४ खुम्चेरीका ५५ वर्षीय कृषक हरिबहादुर खड्काले यस वर्ष अदुवा राम्रो उत्पादन भएको जानकारी दिए । तीस वर्षदेखि निरन्तर कृषि पेसा गर्दै आएका उनले यस वर्ष अदुवा बिक्रीबाट रु एक लाख ५० हजार आम्दानी गरेको बताए । अदुवा गाउँबाटै प्रतिक्विन्टल रु चार हजार र बीउका लागि प्र्रयोग हुने अदुवा प्रतिक्विन्टल रु आठ हजाार देखि १० हजारसम्म बिक्री भएकामा उनी सी छन् ।

"पहिले एक क्विन्टल अदुवाबाट सात क्विन्टल उत्पादन गरिन्थो, उमेर पनि ढल्किँदै गयो अहिले त एक क्विन्टल अदुवाबाट तीनदेखि चार क्विन्टलसम्म उत्पादन गर्ने गरेको छु", उनले भने । यस वर्ष बीउका लागि १२ क्विन्टल अदुवा भण्डारण गरेर राखेको किसान खड्काले बताए ।

# आधुनिक खेतीप्रणालीले सुध्रिँदै अलैँचीखेती

**टुडे समाचारदाता**

इलाम । आधुनिक खेतीप्रणालीको प्रयोगले अलैँचीमा सुधार गरेपछि इलामका किसानले आम्दानी बढाउन थालेका छन् । प्रायः किसानले परम्परागत प्रविधिबाट खेती गरिरहेकाले पनि अलैँची मासिएको थियो । मात्रा मिलाएर मलजल र गोडमेल नहुँदा फल दिन सकेको थिएन ।



सूर्योदय नगरपालिका-१ बाङ्गिनका बिरेन शेरेङले करिब एक सय रोपनी क्षेत्रफलमा अलैँची लगाएका छन् । "वर्षमा २७ देखि ३१ मन सम्म उत्पादन हुन्छ, सबै खर्च कटाएर वार्षिक रु आठ-दश लाख बचत हुन्छ", उनले भने । अलैँची मासिएर निराश भएको समयमा तालिम लिएर खेती गर्दा पुनः अलैँचीबाट आम्दानी लिन थालेको उनले बताए ।

जिल्लामा यस वर्ष एक हजार तीन सय २० दशमलव पाँच मेट्रिक टन अलैँची उत्पादन भएको छ । यो अघिल्लो वर्षको तुलनामा सात दशमलव ९६ प्रतिशतले धेरै हो । एक हजार सात सय ५३ हेक्टर जमिनमा सो बराबरको अलैँची उत्पादन भएको कृषि ज्ञान केन्द्र इलामका प्रमुख टोनी बर्देवाले जानकारी दिए ।

उनी अनुसार गत आवमा एक हजार दुई सय १५ दशमलव २६ मेट्रिक टनमात्र अलैँची उत्पादन भएको थियो । "पोहोर एक हजार सात सय ५५ हेक्टर जमिनमा अलैँचीखेती गरिएको थियो", उनले भने, "अलैँचीको बगान घटे पनि यस वर्ष उत्पादन र उत्पादकत्व वृद्धि भएको छ ।" गत वर्ष प्रतिहेक्टर शून्य दशमलव ६९ उत्पादकत्व रहेकामा चालु आवमा वृद्धि भएर प्रतिहेक्टर शून्य दशमलव ७५ पुगेको उनले बताए ।

दशकअघि इलामका किसानको मुख्य आम्दानीको स्रोत नै अलैँची थियो । अलैँचीकै आम्दानीले घर खर्च चलाउन मात्र होइन जग्गा-जमिन जोड्नसमेत सहयोग पुगेको थियो । तर अचानक अलैँचीमा रोग देखिएपछि जिल्लाका अधिकांश किसानको रोजीरोटी हरायो, धेरैको आम्दानी ठप्प भयो । विस्तारै अलैँची मासियो तर यसको भाउ भने एकाएक आकाशिएर प्रतिमन रु एक लाखसम्म पनि पुग्यो ।

आवश्यक तालिम र विज्ञको सल्लाह लिएर यहाँका किसानले अलैँचीलाई सुधार गरेर उत्पादन पुरानै अवस्थामा पुर्याउने प्रयास थालेका छन् । "पाखामा गाडेर मात्र नहुँदोरहेछ, स्याहार गर्न र मलजल गर्न थालेपछि अलैँची सुधार भएको छ", किसान शेरेङले भने, "रोप्ने तरिका र गोड्ने ढाँचा नै परिवर्तन गरेपछि अलैँचीको उत्पादनमा धेरै फरक पाइयो ।" उनले सिँचाइको समस्या नहुने हो भने अझ उत्पादन बढाउन सक्ने बताएका छन् । अलैँची विकास केन्द्रका ततकालीन प्रमुख पदम अधिकारीसँग चार वर्षअघि लिएको तालिमले व्यावसायिक खेती गर्न सहयोग पुर्याएको उनले बताए । "मेरोमा उत्पादन भएको अलैँची बाग्लुङ, पोखरा, स्याङजापट्टि पनि आपूर्ति भएको छ", उनी भन्छन्, "मैलै सधैँ बिरुवा उत्पादन गरेर अलैँची विकास केन्द्रलाई दिने गरेको थिएँ, यस वर्ष बिरुवा राख्न फुर्सद भएन, आउँदोसाल बृहत् गर्नुछ ।"

प्रत्येक एक-एक महिनामा अलैँची गोड्ने काम गर्दा फूल नमर्ने र बोट सेपिलो नहुनाले अलैँची सप्रिएको किसानको अनुभव छ । अर्का किसान मित्रभक्त अधिकारीका अनुसार निश्चित मात्रामा सिँचाइ, फाँड्ने र गोड्नेसँगै, गोठेमलको प्रयोग गर्न थालेपछि अलैँची सुध्रिएको हो । किसानले अलैँचीका लागि सङ्घसंस्था र विज्ञबाट रोप्ने शैली सिकेकाले रोग हट्दै गएको हो ।

अलैँचीबाट आम्दानी लिने दिन गएछ भनेर सोचेका किसान तालिम र परामर्शपछि अलैँची सुध्रिएको बताउँछन् । घरेलु औषधि र मलको प्रयोग अलैँचीलाई महत्त्वपूर्ण हुने उनीहरुको भनाइ छ । दशकअघिको खेती प्रविधि सम्झँदै माइजोगमाईका अधिकारीले भने, "त्योबेला अलैँची त दुःख नगरी फल्दोरहेछ, जबर्जस्ती आम्दानी लिएछौँ ।" सबै किसानले जुनसुकै खेती गर्नुभन्दा अघि तालिम र परामर्श लिनु जरुरी हुने उनले बताए ।

पोहोरभन्दा झण्डै तीन गुणा बढीले अलैँचीको भाउ बढेको व्यवसायी जीवन पाण्डेले बताए । "गत वर्ष यो सिजनमा प्रतिमन रु २८ हजार थियो, यस वर्ष राम्रो अलैँची प्रतिमन रु ८० हजारसम्म बिक्री भइरहेको छ ।" उनका अनुसार जिल्लामा विगतमा जस्तै सबैतिर अलैँचीखेती भने छैन । किसानले अलैँची मासेर वैकल्पिक खेती लगाएकाले क्षेत्रफल घटेको छ । जमिन घटे पनि मलजल र किसानको मेहनतले उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

छ गाउँपालिका र चार नगरपालिका गरी १० स्थानीय तह भएको इलाममा माइजोगमाई र सन्दकपुर गाउँपालिकामा बढी मात्रामा अलैँचीखेती भए पनि सबै स्थानीय तहमा आंशिकरूपमा खेती हुँदै आएको छ । अलैँचीखेती समुद्री सतहबाट सात सयदेखि दुई हजार एक सय मिटर उचाइसम्म हुने गरेको छ भने यसको उत्पादन भिरालो, सेपिलो, ओसिलो र छहारी भएको जमिनमा धेरै हुने गरेको छ ।

Madhesh Province Government

## Madhesh Institute of Health Sciences

### Madhesh Province, Janakpurdham, Dhanusha

## Invitation for E-Bids

**IFB No.: MIHS/WORKS/NCB/2080-081/01**

**Date of Publication: 27th Dec. 2023**

Madhesh institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from all the eligible Nepalese bidders for the Procurement of "PICU bhawan ko dosoro talla thap". The detailed notice can be accessed through website of office www.mihs.edu.np and the details of bidding document can be accessed through bolpatra portal www.bolpatra.gov.np.

# विद्युत् काटेको भन्दै मजदुर आन्दोलनमा

**टुडे समाचारदाता**

बारा । बारा-पर्सा औद्योगिक करिडोरका उद्योगमा कार्यरत मजदुरहरुले बुधबार विरोध प्रदर्शन गरेका छन् । डेडिकेटेड र ट्रंक लाइन प्रयोग गरेबापत विद्युत् महसुल नबुझाउने उद्योगहरुको विद्युत् लाइन काटिएको विरोधमा मजदुरहरुले प्रदर्शन गरेका छन् ।




नेपाल विद्युत् प्राधिकरणले बारा-पर्सा औद्योगिक करिडोरको सबैभन्दा ठूलो उद्योग जगदम्बा स्टिल्स, त्रिवेणी स्पेनिङ मिल्स र अशोक स्टिलको गत शुक्रबार साँझदेखि विद्युत् लाइन काटेको छ ।

उद्योगमा कार्यरत मजदुरहरुले श्रमिक अधिकार सुनिश्चित गर, बन्द उद्योग खुल्ला गर, विद्युत् काट्न पाइँदैन, रोजगारीको ग्यारेन्टी गर, श्रमिकको पेटमा लात हान्न पाइँदैन भन्दै नारा लगाएका थिए ।

माओवादी निकट जगदम्बा स्टिल मजदुर युनियनको नेतृत्वमा भएको विरोध कार्यक्रममा अखिल नेपाल मजदुर संघ आधिकारिक ट्रेड युनियन हुलास स्टिलका सचिव ओमप्रकाश पटेल र अखिल नेपाल औद्योगिक मजदुर संघ त्रिवेणी मिल्सका अध्यक्ष अनिल साहको नेतृत्वमा करिब २ हजारको संख्यामा मजदुरले इलाका प्रशासन कार्यालय सिमरा र विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्रका प्रमुखलाई ज्ञापनपत्र बुझाएका थिए ।

बिहान करिब १० बजे सिमरास्थित जगदम्बा स्टिलको मूल गेटदेखि सुरु भएको विरोध कार्यक्रम प्राधिकरणको सिमरा केन्द्रमा पुगेर टुङ्गिएको थियो । सो कार्यक्रममा करिडोरका अधिकांश मजदुर सहभागी थिए ।

जगदम्बा स्टिल आधिकारिक मजदुर युनियनका सचिव दिपक कार्कीले भने, 'यसरी उद्योग धेरै दिन बन्द हुँदा मजदुर, कर्मचारीले पारिश्रमिक नै गुमाउनुपर्ने अवस्था आयो, मजदुरको रोजीरोटी नै खोसिने भएकाले हामीले बाध्य भएर विरोध कार्यक्रम गरेका छौँ ।'

सरकारले उद्योगीहरुसँग वैकल्पिक बाटो अपनाएर विद्युत् महसुल उठाउन पहल गर्नुपर्ने उनको भनाइ छ । करिडोरका ५ वटा उद्योगले ६ अर्बभन्दा बढी विद्युत् महसुल बुझाउन बाँकी रहेको छ । 'डेडिकेटेड फिडर' र 'ट्रंक लाइन' मार्फत विद्युत् प्रयोग गर्ने बारा-पर्सा औद्योगिक करिडोरका सिमरा वितरण केन्द्र अन्तर्गत ४ वटा र वीरगञ्ज वितरण केन्द्र अन्तर्गत एउटा गरी ५ वटा उद्योगले ६ अर्बभन्दा धेरै रकम विद्युत् महसुलबापत बुझाउन बाँकी छ ।

सिमरा वितरण केन्द्रको तथ्याङ्क अनुसार करिडोरको सबैभन्दा ठूलो उद्योग जगदम्बा स्टिलमाथि ४ अर्ब १४ करोड, अशोक स्टिलमाथि ७८ करोड, हामा आइरनमाथि ११ करोड ५० लाख, हुलासमाथि ४३ करोड र सूर्य नेपालमाथि २ करोड ५० लाख रुपैयाँ विद्युत् महसुल बुझाउन बाँकी छ ।

साथै वीरगञ्ज वितरण केन्द्र अन्तर्गत रहेको त्रिवेणी स्पेनिङ्ग मिल्समाथि ८६ करोड ९० लाख रुपैयाँ बक्यौता रहेको जनाइएको छ । यी ५ उद्योग मध्ये हालसम्म ३ वटा उद्योगको विद्युत् लाइन काटिएको छ ।

विद्युत् प्राधिकरण सिमरा केन्द्रका प्रमुख इन्जिनियर रुमेश रुपाखेतीले डेडिकेटेड र ट्रंक लाइनको हकमा केन्द्रबाट आएको निर्णय र निर्देशनको आधारमा सिमरा वितरण केन्द्रले काम गरेको बताए । 'पहिलो चरणमा ठूला उद्योगको लाइन काट्ने निर्णय भएकाले जगदम्बा र अशोक स्टिलको लाइन काटेका छौँ, बाँकीको हकमा व्यवस्थापनले के निर्णय गर्छ, सोही अनुसार अगाडि बढ्ने हो ।'

बारा-पर्सा औद्योगिक करिडोरमा विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्र अन्तर्गत मात्रै ५८६ वटा उद्योग छन् भने वीरगञ्ज वितरण केन्द्र अन्तर्गत पनि यत्तिकै संख्यामा उद्योग रहेको सिमरा शाखाले जनाएको छ ।

२०७२ सालमा विद्युत् प्राधिकरणको बोर्डले निर्णय गरेर 'डेडिकेटेड फिडर' र 'ट्रंक लाइन' मार्फत विद्युत् प्रयोग गर्ने उद्योगहरुलाई निर्वाध विद्युत् उपलब्ध गराइ छुट्टै महसुल दर कायम गर्ने निर्णय गरेको थियो ।

प्राधिकरणको सोही निर्णय बमोजिम सिमरा वितरण केन्द्र अन्तर्गत ५ वटा उद्योगले 'डेडिकेटेड' र 'ट्रंक लाइन' मार्फत विद्युत् प्रयोग गरेका थिए । जसअन्तर्गत जगदम्बा स्टिल, अशोक स्टिल, हुलास स्टिल, हामा आइरन र सूर्य नेपाल छन् ।

यी ५ वटा उद्योगले २०७२ साल भदौदेखि २०७७ साल असारसम्म डेडिकेटेड र ट्रंक लाइन प्रयोग गरेको सिमरा वितरण केन्द्रले जनाएको छ । २०७७ साउनदेखि प्राधिकरणले लोडसेडिङ हटाएपछि डेडिकेटेड र ट्रंक लाइन नै हटाइएको छ ।

# सखी-बहिनपाको अन्तर ाष्ट्रिय महासम्मेलन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम ।यही पुस १४ र १५ गते जनकपुरधाममा सखी-बहिनपा मैथिलानी समूहको अन्तर ाष्ट्रिय महासम्मेलन हुने भएको छ ।




भाषा , साहित्य , संस्कृति , उद्यम र धरोहरको संरक्षण र सम्बर्द्धन गर्न प्रयासरत सखी बहिनपा मैथिलानी समूह हरेक वर्ग , जाती र समुदायको हकको पक्षमा आवाज उठाउने सामाजिक , समावशी र समतामूलक संस्था हो ।

समूह भाषाको सम्बर्द्धन र विकास , शिक्षामा मातृभाषाको प्रयोग , नारीलाई उद्यमशील , स्वावलम्बन , आत्मनिर्भरतातर्फ उत्प्रेरित , जागरण एवं व्यवस्थापन गरी आर्थिक र सामाजिक विकास , सांस्कृतिक अवस्था बारे चिन्तन-मन्थन , परम्परागत कला , संस्कार , लिपि , सभ्यता , सस्कृतिलाई जीवन्तता दिन तथा भावी पुस्तामा समेत त्यसको निरन्तरताका लागि संरक्षण एवं रक्षामूलक कार्य गर्न क्रियाशील रहेको छ ।

नारीहरुको शिल्पगत सामग्रीको प्रवर्द्धन , स्वरोजगारको माध्यमले जीविकोपार्जनका अवसर , परम्परागत संस्कारजन्य र आहारका सामग्रीको बजारीकरणका लागि व्यवस्थापन र आत्मनिर्भरताका लागि आर्थिक ,सामाजिक , शैक्षिक विकासमूलक कार्य गर्नुका साथै दाइजो प्रथा ,घरेलु हिंसा , बाल विवाह , छुवाछुत , भ्रुण हत्या जस्ता सामाजिक कुरीतिको निवारणका लागि विभिन्न कार्य समेत समूहले गरिरहेको छ ।

प्रकृतिमा अन्तर्निहित लयात्मकता र रागात्मकताले मिथिलाको चिन्तन र दर्शनमा पारेको प्रभावका कारणले वातावरणलाई रागमय बनाएको बुझिन्छ । यी ऐतिहासिक तथ्य हुँदा पनि कालक्रमले आफ्नो गौरवशाली परम्परागत सांस्कृतिक थातिप्रतिको उपेक्षाले विधि व्यवहार , संस्कार लोपोन्मुख चक्रबाट गुज्रिरहेको छ । तर पनि समाज बाँचैकै छ । लोक व्यवहार भइरहेकै छ । आज पनि गाउँघरमा वस्ने जनजीवनमा संस्कृतिप्रतिको मोह गएको छैन् । आफ्नो संस्कार र विधि व्यवहारप्रति आशक्ति कायमै छ ।

यही अवस्था , परिवेश र मनोदशालाई ध्यानमा राख्दै संस्कार भाषा , सभ्यता , लोक संस्कृति , लोक कला , उद्यमको अवस्था ,छलफल , प्रदर्शन गर्ने उद्देश्य राखिएको महासम्मेलनको समुदघाटन मुख्यमन्त्री सरोजकुमार यादवले गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

नेपाल ,भारत लगायत विभिन्न राष्ट्रका करिब पाँच शय मैथिलानीको सहभागिता रहने महासम्मेलनमा ,झांकी ,संस्कार गीतहरूको प्रस्तुति ,धार्मिक स्थलको अवलोकन ,भाषा , संस्कृति , सभ्यता संरक्षण गोष्ठीसमेत हुनेछ ।

मिथिलामा संस्कार , भाषा , कला , गीत र संस्कृतिको अवस्था एवं चुनौती विषयक विमर्श अन्तर्गत संस्कार र उद्यमको रक्षा , भाषाको दशा र दिशा , कला-संस्कृतिको अवस्था र चुनौती तथा पारम्परिक गीत , रागभास एवं हस्तान्तरण विषयमा छलफल हुने कार्यक्रम रहेको छ ।

यसबाट संस्कार गीतलाई जीवन्तता प्रदान , संस्कार गीतप्रति जागरण. गीत गाइनको खोजी र अवसर उपलब्ध , नयाँ पुस्तालाई संस्कार गीत गायनप्रति उत्प्रेरणा,. पर्यटकीय प्रवर्द्धनमा टेवा, कला कौशलको क्षेत्रमा सकारात्मक विकासमा योगदान र चिन्तन र विचारका लागि नवीन उर्जा प्रदान हुने विश्वास गरिएको छ ।

# किर्ते हस्ताक्षर गरी अनियमितताको आरोप



**टुडे समाचारदाता**

जनकपुरधाम । महिलाहरुले नेतृत्व गरेको जानकी महिला सञ्जालमा दुईजना कर्मचारीले अनियमितताका लागि किर्ते हस्ताक्षर गरेको रहस्य खुलेको छ ।

जानकी महिला सञ्जाल धनुषाका पदाधिकारीको किर्ते हस्ताक्षर गरी ठगी धन्धा गरेको भन्दै कार्यक्रम संयोजक देवकुमार महतो र लेखापाल आलोक पटेलको मिलेमतोमा अध्यक्ष र कोषाध्यक्षको किर्ते हस्ताक्षर गरी रकम निकाल्न खोजेपछि सो रहस्य खुलेको छ ।

जानकी महिला सञ्जाल धनुषाका पदाधिकारीहरुले कार्यक्रम संयोजक महतो र लेखापाल पटेलमाथि जिल्ला प्रशासन कार्यालयमा उजुरी दिँदै छानविन गरी कारबाहीको माग गरेको छ ।

सञ्जालका अध्यक्ष रीना मण्डल र कोषाध्यक्ष लता लामालाई हटाइ नयाँ म्याइन्युट खडा गरी कार्यक्रम संयोजक महतो र लेखापाल पटेलले कार्यालय र खाता सञ्चालनसम्बन्धी निर्णय गर्दै कार्यालय नै नियन्त्रणमा लिएको आरोप लगाइएको छ ।

जनकपुरधाम- ४ स्थित आनन्दनगरमा रहेको सञ्जालको कार्यालयमा नयाँ ताल्चा लगाउने, सोको साँचो एक थान कार्यक्रम संयोजकले राख्ने र लुम्बिनी विकास बैंकमा रहेको खाता उपाध्यक्ष सरस्वती देवी साहको जिम्मामा रहने निर्णय गर्दै बैंकको खातामा रहेको २२ हजार ४ सय ८६ रुपैयाँ अध्यक्ष मण्डल र कोषाध्यक्ष लामाको किर्ते हस्ताक्षर गरी निकालिरहँदा एकथान चेकसमेत नियन्त्रण लिएको पूर्व कोषाध्यक्ष रुकाकुमारी मिश्राले जानकारी दिइन् ।

सञ्जालका अध्यक्ष मण्डलले किर्ते हस्ताक्षर गरी पदाधिकारीसमेतलाई अन्योलमा राखेर अनियमितता गरिरहेकाले छानविन गरी कर्मचारीमाथि कारवाही गर्नका लागि जिल्ला प्रहरी कार्यालयमासमेत उजुरी दिएको बताइन् ।

> आरोपित कार्यक्रम संयोजक महतो र लेखापाल पटेलले सचिव पण्डितमाथि हातपात गर्दै अभद्र व्यवहारसमेत गरेको आरोप लगाइन् ।

सञ्जालका सचिव सोनी कुमारी पण्डितले लुम्बिनी विकास बैंकमा रहेको खाता रोक्का गरी आवश्यक कारवाहीका लागि जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएको बताइन् ।

आरोपित कार्यक्रम संयोजक महतो र लेखापाल पटेलले सचिव पण्डितमाथि हातपात गर्दै अभद्र व्यवहारसमेत गरेको आरोप लगाइन् ।

सञ्जालका पदाधिकारीसहितलाई कार्यक्रम संयोजक महतो र लेखापाल पटेलले कार्यालयलाईसमेत आफ्नो अधिनमा लिएर किर्ते हस्ताक्षर गरी ठगी गरेको आरोप लगाउँदै छानविन गरी कारवाही गर्नका लागि धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेसँग माग गरेका छन् ।

धनुषाका प्रमुख जिल्ला अधिकारी पाण्डेले तत्काल कारबाही प्रक्रिया अघि बढाउनका लागि जिल्ला प्रहरी कार्यालय धनुषालाई निर्देशन समेत दिए । उनले कुनै पनि संस्थालाई पदाधिकारीसहित कार्यसमितिले सञ्चालन गर्नुपर्ने व्यवस्था रहेकाले किर्ते काम गरी गलत क्रियाकलाप गरेको पाइएमा कारवाही हुने बताए । यता जिल्ला प्रशासन कार्यालय धनुषाले भने लुम्बिनी विकास बैंकमा रहेको खाता रोक्का गरेको छ ।

# हात्ती धपाउन दलबल जङ्गलमा

**टुडे समाचारदाता**

जलेश्वर । चुरे फेदका बस्तीमा जङ्गली हात्तीले बस्ती पसेर आतङ्क मच्चाएपछि बर्दिबासमा जनप्रतिनिधि, सुरक्षाकर्मी र स्थानीयले जङ्गलमा खोज अभियान बढाएका छन् ।

रातभरि बस्ती पसेर दिनभरि जङ्गल पस्ने हात्ती धपाउन अहिले केही दिनयता वनक्षेत्रमा खोज अभियान थालिएको छ । अभियान जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमार लाल कर्ण, बर्दिबासका नगरप्रमुख प्रह्लादकुमार क्षत्रीसहितका जनप्रतिनिधि, नेपाल प्रहरी र सशस्त्र प्रहरीका जिल्लास्थित अधिकारी, वनसम्बद्ध अधिकारी तथा सुरक्षाकर्मीले सुरु गरेका छन् ।

रातभरि बस्तीतिर पसेर बालीनाली नोक्सान गर्ने, काठे घरगोठ सिङ्गौरी खेलेर भत्काउने हात्ती उज्यालो हुन दुई घण्टाजति पहिले सघन वनका कन्द्रामा लुक्न जाने गरेको पाइएको छ । चुरे पहाडसँग जोडिएको जिल्लाको एकमात्र स्थानीय तह बर्दिबास नगरपालिकाका वनसँग जोडिएका बस्तीमा हात्तीको आतङ्क बढेपछि धपाउन खोज अभियान थालिएको इलाका प्रहरी कार्यालय बर्दिबासका प्रमुख तथा प्रहरी नायब उपरीक्षक विजय यादवले बताए ।

"जङ्गली हात्तीले लगातार उपद्रव मच्चाएको गुनासो बस्तीबस्तीबाट बढेपछि धपाउन खोजी थालिएको हो", प्रनाउ यादवले भने । यसपालि गएको दसैंयता बर्दिबास नगरक्षेत्रका विभिन्न बस्तीमा हात्तीको आतङ्क बढेको छ । बर्दिबास-१, २, ३, ४, ५, ८, १० र ११ मा यसपालि हात्तीले नोक्सान गरेको छ । यी वडाका बस्ती वनक्षेत्रसँग जोडिएका बस्ती हुन् ।

हात्ती दिउँसोभरि मानव चहलपहल कम हुने सघन झाडीमा लुक्ने र धेरैजसो मध्यरातपछि बस्ती पस्ने गरेको पाइएको छ । जङ्गली हात्तीले बर्दिबास-१, २ र ८ मा बालीनाली नोक्सान गर्ने गरेको छ । बर्दिबास-३, ४, ५, १० र ११ सहितका चुरे फेदका बस्तीमा भने काठेघर र गोठ लडाउने, घरआँगनका भकारी भत्काउनेसम्मका आतङ्क स्थानीयले भोग्दै आएका छन् ।

बर्सेनिजसो हिउँद लाग्न थालेपछि हात्ती बस्ती पस्दै आएका छन् । विगत वर्षहरुमा तीन-चारको संख्या देखिएका भए पनि यसपालि भने एक जोडा देखिएका बर्दिबास-८ का वडाध्यक्ष शमशेरसिंह लामाले बताए । यसपालि बस्ती पस्न पल्केका जोडा हात्तीले दसैंयता बर्दिबास-२ र ८ मा करिब २० बिघा क्षेत्रफलका धान, उखु र तरकारीसहितका बाली नोक्सान गरेका लामाको भनाइ छ ।

हात्तीको आतङ्क बढेपछि यसलाई नियन्त्रण गर्न खोज गरी धपाउने उद्देश्यले अभियान थालिएको बर्दिबास नगरप्रमुख क्षत्री बताउछन् । नगरक्षेत्रका वनसँग जोडिएका बस्तीमा सर्वसाधारण हात्तीको त्रासले राम्ररी सुत्न नपाएका बर्दिबास-५ का वडाध्यक्ष काहारमान स्याङ्वाको गुनासो छ ।

करिब एक दशकयता हात्ती, नीलगाई र बँदेल बस्ती पस्ने क्रम बढेको छ । हात्ती वनसँग जोडिएका बस्तीबाट तल नझरे पनि नीलगाई र बँदेलको आतङ्क भने भारतीय सीमाक्षेत्रका बस्तीसम्मै बढेको छ ।

"वनक्षेत्रमा बाक्लो मान्छेको चहलपहल, पातलिँदो वन तथा पानी एवं चरीचरनको बढ्दो अभावले यी तल झर्दैछन्", डिभिजन वन कार्यालयका प्रमुख सन्तोष झाले भने, "पछिल्ला वर्षहरुमा वनक्षेत्र चिर्दै बनाइएका विकास संरचना (विद्युत् लाइन विस्तार, रेल्वे ट्र्याक, सडक आदि) वन्यजन्तु मैत्री भएनन्, यसले वन्यजन्तुको नियमित आहारव्यवहार खलबलिएर यी बस्ती पस्ने क्रम बढेको छ ।" वनभित्र बासस्थान उजाडिँदै जानु र सहज आवागमनमा समेत अवरोध भएपछि वन्यजन्तु बस्ती पस्ने गरेका झाको निष्कर्ष छ ।

मान्छे र वन्यजन्तुबीच पछिल्ला वर्षहरुमा बढेको द्वन्द्व वन्यजन्तु मैत्री विकास पूर्वाधार निर्माण नगर्दा भएको झा बताउछन् । अब वनभित्र काम गर्दा वन्यजन्तुको पक्षलाई ध्यान दिएर गरिनुपर्ने र ठाउँठाउँमा वनभित्र पानी पोखरी निर्माण तथा संरक्षण गर्नुपर्ने उनको भनाइ छ ।

# व्यास कथाकार प्रशिक्षित

**टुडे समाचारदाता**

जनकपुरधाम । श्री हरि सत्संग समिति नेपालले छ महिने व्यास कथाकार प्रशिक्षण दिक्षान्त समारोह सम्पन्न भएको छ ।

बुधबार महोत्तरीको मटिहानीमा छ महिनासम्म व्यास कथाकारलाई दिइएको प्रशिक्षणको अन्तिम दिन दिक्षान्त समारोह आयोजना गर्दै प्रशिक्षित प्रशिक्षार्थीहरुलाई दिक्षान्त समारोहमा प्रमाणपत्र प्रदान गरिएको छ ।

मटिहानी नगरपालिकाका नगरप्रमुख हरि प्रसाद मण्डलले प्रशिक्षित व्यास कथाकार हरुलाई समाजमा रहेको विकृति विसंगतिलाई हटाई धार्मिक मार्ग तर्फ डोर्‍याउनुपर्ने आवश्यकता रहेको औल्याएँ ।

नगरप्रमुख मण्डलले दिक्षित व्यास कथाकारलाई शुभकामना दिँदै समाजमा धर्मको मार्गको ज्योति छरेर अघि बढ्न प्रोत्साहन गरे ।

उनले सनातन हिन्दू धर्म र संस्कृतिको संरक्षण गर्नका लागि व्यास कथाकारको भूमिका महत्वपूर्ण रहेकाले समाजमा धार्मिक जागरण फैलाउनमा टेवा पुग्ने बताए ।

यस दिक्षान्त समारोहमा दिक्षित भएका व्यास कथाकार हरुलाई शुभकामना दिँदै अनिलजी मानसेरिया, लक्ष्मीनारायण मठका महन्त हितरामजी दास, हरि सत्संग समितिका प्रदेश अध्यक्ष ललितकुमार बजाज, जानकी मन्दिरका महन्त राम तपेश्वर दास वैष्णवलगायतकाले व्यास कथाकारलाई निर्देशनमूलक प्रशिक्षण दिएका थिए ।

# व्यापारीद्वारा नगरप्रहरीको विरोध



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रहरीले भैरव चोक स्थित पसलमा राखिएको सामग्रीहरु नियन्त्रणमा लिएपछि स्थानीय व्यापारी तथा पसलेहरुले सडक अवरुद्ध गर्दै विरोध गरेका छन् ।

बुधबार जनकपुरधाम स्थित भैरव चोकमा नगर प्रहरीको एक टोलीले सडकपेटीमा राखिएको सामग्रीहरु नियन्त्रणमा लिइ पसलेहरुलाई हातपात गर्दै दुर्व्यवहार गर्न थालेपछि जनकपुरधाम उपमहानगरपालिकाको विरोधमा स्थानीय व्यापारीहरुले राम चोकदेखि विद्यापति चोक जाने सडकखण्ड अवरुद्ध गरेका छन् ।

खुद्रा व्यापारीहरुले दिनहुँ सडकपेटिकामा विक्रीका लागि व्यवसायी नगरे पनि ठेला, पसलहरुसँग उपमहानगरको नाममा ठेकेदारले बट्टास्वरुप एक सय रुपैयाँ लिने गरेको स्थानीय पसले मुना साहले बताए ।

नगरप्रहरीले स्थानीय व्यवसायी देवनारायण शर्मा, निरज ठाकुर र देवनारायण शर्मालाई कुटपिट गरेका थिए । नगरप्रहरीले एक इलेक्ट्रोनिक पसलमा मर्मतसम्भारका लागि राखिएको टिभीलगायतका सामग्रहरु बलप्रयोग गरी नियन्त्रणमा लिएपछि स्थानीय पसले तथा व्यापारीहरुले सोको विरुद्धमा जनकपुरधाम उपमहानगरको विरोधमा करिब दिउँसो २ बजेदेखि ४ बजेसम्म सडक अवरुद्ध गरेका थिए ।

चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- दम,हृदयरोग,मोटोपन,कोलेस्ट्रोल,रक्तचाप,मधुमेह जस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परिक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं ।

जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८